# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ४ अङ्क ४ पूर्णाङ्क १४९ २०७६ साउन २० गते सोमबार Monday, 05 Aug., 2019 पृष्ठ ८ मूल्य रु. १०|-


## पूर्वजनमुक्ति सेनालाई नेपाली सेनाको १० वर्षको जेल सजाय



काठमाडौं । तत्कालीन नेकपा (माओवादी)को नेतृत्वमा सञ्चालित दशक लामो जनयुद्धको अवधिमा जनमुक्ति सेनामा रहेर काम गरेका शक्ति गुरुङ'विक्रम'लाई नेपाली सेनाको समरी जनरल अदालतले १० वर्ष जेल सजाय तोकेको छ । तत्कालीन... बाँकी ७ पेजमा

# जिल्ला-जिल्लामा संघर्षका खाका तयार पार्दै क्रान्तिकारी माओवादी

काठमाडौं । असार १२-१७ मा सम्पन्न केन्द्रीय समितिको बैठकले संगठन र संघर्षसम्बन्धी गरेका महत्वपूर्ण निर्णयहरूको कार्यान्वयनका क्रममा नेकपा (क्रान्तिकारी माओवादी)का व्यूरो र प्रदेशका बैठकहरू सम्पन्न भइसकेका छन् र अहिले जिल्लाका बैठकहरू सम्पन्न हुने क्रममा रहेका छन् । बैठकमार्फत् संगठन र संघर्षका मूर्त खाकाहरू तयार पार्ने काम भइरहेको क्रान्तिकारी माओवादीका नेताहरूले बताएका छन् ।

पार्टीका स्थायी समिति सदस्य तथा पूर्वी व्यूरो इन्चार्ज प्रतीकले दिएको जानकारी अनुसार साउन ५ गते व्यूरोको बैठक सिरहाको लहानमा सम्पन्न भयो भने २ नं. प्रदेशको बैठक १० साउनमा महोत्तरीको बर्दिबासमा सम्पन्न भयो । १ नं. प्रदेशको भने १८ साउनमा धरानमा सम्पन्न भएको छ । बैठकले केन्द्रीय समितिले लिएको संगठन र संघर्षसम्बन्धी निर्णयहरूलाई प्रदेश र जिल्लाको सापेक्षतामा कार्यान्वयन गर्ने ठोस निर्णय गरेको छ । राष्ट्रिय स्वाधीनताका विषयहरूदेखि जनजीविकाका विषयहरूलाई जोडेर जनसंघर्ष, प्रतिरोध संघर्ष तथा वर्गसंघर्षलाई संगठित गर्ने योजनाहरू निर्माण गरिएका छन् । ...बाँकी ७ पेजमा




## संगठन विस्तारमा अखिल (क्रान्तिकारी)



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) संगठन विस्तारमा जुटेको छ । अखिल (क्रान्तिकारी)ले ललितपुरको पाटन माध्यामिक विद्यालय र नमुना मछेन्द्र मा.वि.मा संगठन निर्माण गरेको छ ।

प्राप्त जानकारी अघिल्लो अनुसार आइतबार विरेन्द्र तितुङको नेतृत्वमा ललितपुरको पाटन माध्यामिक विद्यालयमा ३३ सदस्यीय इकाई कमिटि निर्माण गरेको छ भने शुक्रबार ललितपुरकै नमुना मछेन्द्र मा.विमा गृष्मा खत्रीको नेतृत्वमा ३१ सदस्यीय इकाई कमिटि निर्माण गरिएको थियो । संगठनका अध्यक्ष हरिकृष्ण गजुरेल, उपाध्यक्ष शिलु न्यौपाने लगायतका पदाधिकारी तथा केन्द्रीय सदस्यहरू संगठन निर्माणको अभियानमा जुटेको उपाध्यक्ष शिलु न्यौपानेले जानकारी दिइन् ।

त्यसैगरी काभ्रेको शिक्षा सदन माविमा सुमिना ढकालको अध्यक्षता २९ सदस्यीय इकाइ कमिटि निर्माण गरिएको छ । काभ्रेकै आजाद मामिमा सन्तोष भण्डारीको ...बाँकी ७ पेजमा

## २५औं विश्व आदिवासी दिवस आन्दोलनको रूपमा मनाइने



काठमाडौं । अखिल नेपाल जनजाति महासंघले २५ औं विश्व आदिवासी दिवस आन्दोलनको रूपमा मनाउने तयारी गरेको छ । महासंघले उक्त दिन भृकुटीमण्डपस्थित राष्ट्रिय सभा गृहमा एक विशेष समारोहको आयोजना गरी दिवस मनाउने तयारी गरेको छ। विश्व आदिवासी दिवसको अवसर पारेर महासंघले एक अपिल समेत जारी गरेको छ । साउन २४ अर्थात् सेप्टेम्बर ९ मा पर्ने विश्व आदिवासी दिवसलाई आन्दोलनको रूपमा मनाउने जारी अपिलमा जनाइएको छ । साउन १४ मा जारी अपिलमा विश्व आदिवासी दिवसको दिन सार्वजनिक विदा दिन माग समेत गरिएको छ भने वर्तमान ओली सरकारले जनजाति आन्दोलनबाट प्राप्त उपलब्धि ...बाँकी ७ पेजमा

## क्रान्तिकारी माओवादीद्वारा पहिरो पीडितलाई राहत हस्तान्तरण





गुल्मी । साउन ६ गते परेको अविरल वर्षाका कारण गएको पहिरोबाट गुल्मी सत्यवती गापाको ३ र ४ नं. वडामा विस्थापित हुन पुगेका पहिरो पीडितहरूलाई नेकपा (क्रान्तिकारी माओवादी)ले राहत हस्तान्तरण गरेको छ । क्रान्तिकारी माओवादी, सम्बद्ध संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, अखिल (क्रान्तिकारी), क्रान्तिकारी युवा लिग, नेपाल लगायतका संगठनहरूले पीडितहरूको लागि संकलन गरिएको नगद र जिन्सी राहत सामग्री ...बाँकी ७ पेजमा

## विप्लव र किराती नेतृत्वको पार्टी परित्याग गरी क्रान्तिकारी माओवादीमा ध्रुवीकृत



चितवन । नेत्रविक्रम चन्द'विप्लव' नेतृत्वको नेकपा र गोपाल किराती नेतृत्वको नेकपा (माओवादी केन्द्र) पार्टी परित्याग गरी दर्जनौं नेता कार्यकर्ताहरू मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी)मा ध्रुवीकृत भएका छन् । शनिबार एक विशेष कार्यक्रमका बीच उनीहरू क्रान्तिकारी माओवादीमा ध्रुवीकृत भएका हुन् ।

क्रान्तिकारी माओवादी चितवनले आयोजना गरेको एक विशेष कार्यक्रममा विप्लव नेकपाका चितवन जिल्लाका युवा नेता किरण सुनार लगायतका नेता कार्यकर्ताहरू र गोपाल किराती नेतृत्वको नेकपा (माओवादी केन्द्र) का केन्द्रीय सदस्य तथा चितवन जिल्ला संयोजक प्रकाशचन्द्र ...बाँकी ७ पेजमा

## प्रधानमन्त्री रोजगार कार्यक्रमको नाममा राज्यकोषमाथि ब्रम्हलुट



काठमाडौं । केपी शर्मा ओली नेतृत्वको सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रमको नाममा राज्यको ढिकुटीमा ब्रम्हलुट मच्चाइएको छ । प्राप्त जानकारी ...बाँकी ७ पेजमा

## नेपालमा मार्क्सवाद र संशोधनवादका बीच संघर्षबारे संक्षिप्त अवलोकन

*नेपाली कम्युनिस्ट आन्दोलन इतिहासको एउटा नयाँ तथा विशिष्ट मोडमा उभिएको छ । यो बेला हामीले एकातिर नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा मार्क्सवाद र संशोधनवादका बीचमा चल्दै आएको विचारधारात्मक तथा राजनीतिक संघर्षलाई राम्रोसित आत्मसात् गरी त्यसबाट आवश्यक शिक्षा लिन जरुरी छ भने अर्कोतिर वर्तमान सन्दर्भमा नेपाली क्रान्तिलाई अगाडि बढाउनका लागि विचारधारात्मक, राजनीतिक तथा सांगठनिक क्षेत्रका काममा नयाँ परिस्थिति र आवश्यकता अनुसार नयाँ ढङ्गले अझै दृढ सङ्कल्प, साहस तथा प्रतिबद्धताका साथ निरन्तर खटिरहनु आवश्यक छ । नेपाली क्रान्तिको इतिहासले आज सबै सच्चा कम्युनिस्ट क्रान्तिकारीहरुसित पुनःऊर्जाशील तथा एकताबद्ध भएर अगाडि बढ्न जोडदार माग गरेको छ ।*



● मोहन वैद्य'किरण' ●

मार्क्सवाद विश्वसर्वहारा वर्गको क्रान्ति र मुक्तिको विज्ञान हो । संशोधनवादले मार्क्सवादको तोडमोड र भ्रष्टीकरण गर्दछ । मार्क्सवादको विकाससितै संशोधनवाद पनि विकसित हुँदै आएको छ । आज एकातिर मार्क्सवादको मार्क्सवाद–लेनिनवाद–माओवादमा विकास भएको छ भने अर्कोतिर संशोधनवादको शास्त्रीय,आधुनिक तथा नवसंशोधनवाद हुँदै नवप्रतिक्रियावादमा पतन हुन पुगेको छ । यो अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका साथै नेपाली कम्युनिस्ट आन्दोलनका सन्दर्भमा पनि सत्य हो ।

हामीले नेपाली कम्युनिस्ट आन्दोलनमा मार्क्सवाद र संशोधनवादका बीच चल्दै आएको संघर्षलाई द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोणका आधारमा अध्ययन गर्नु पर्दछ । विपरीतहरूको एकता र संघर्षको नियम द्वन्द्ववादको आधारभूत नियम हो । यो प्रकृति, समाज र चिन्तनको क्षेत्रमा पनि लागु हुन्छ । सिङ्गो अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको इतिहास जस्तै नेपाली कम्युनिस्ट आन्दोलनको इतिहास पनि विपरीतहरूको एकता र संघर्षको इतिहास हो । यो विपरीतहरूको वाद, विवाद र संवादको प्रक्रियाका बीचबाट अगाडि बढ्दै आएको छ ।

ऐतिहासिक भौतिकवादले के बताउँछ भने समाजमा चल्ने शोषक तथा शोषित वर्गका बीचको अन्तर्विरोध कम्युनिस्ट पार्टीभित्र पनि प्रतिबिम्बित हुन्छ र त्यो दुई लाइन संघर्षका रूपमा घनीभूत बनेर प्रकट हुने गर्दछ । यो पनि एउटा ...बाँकी ३ पेजमा

## सम्पादकीय

# प्रचण्डको 'हेग चर्चा'

'केही मानिसहरू मलाई हेग लैजान लागेका छन् रे, मलाई हेग लगे त झन् हिरो हुन्छु, त्यसैले मलाई हिरो बनाउन उनीहरूले हेग लैजादैनन् ।' प्रचण्डको यो अभिव्यक्तिले अहिले राजनीतिक बजारमा ठूलै चर्चा पाएको छ । प्रचण्डको हेग चर्चा, पूर्व जनमुक्ति सेनालाई नेपाली सेनाले दिएको १० बर्षको जेल सजाय, अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाहरूले नेपालको शान्तिप्रक्रियाका सम्बन्धमा निकालेको संयुक्त वक्तव्य र 'द्वन्द्व अपराधीलाई अन्तर्राष्ट्रिय अदालतले घरमै आएर लान सक्छ' भन्ने भनाइहरू संयोग जस्तो देखिए पनि नेपालको शान्तिप्रक्रियासँग जोडिएर आएका गम्भीर विषय र घटनाक्रम हुन् ।

बृहत् शान्तिसम्झौतामा गरिएको राजनीतिक सहमति अनुसार द्वन्द्वकालीन मुद्दाहरूको किनारा लगाइएको छैन । शान्तिप्रक्रियाको १३ वर्ष बितिसक्दा पनि यी मुद्दाहरू किनारा लाग्नुको सट्टा द्वन्द्वकालीन मुद्दाहरू बल्झिदै जाने स्थिति विकसित हुँदै गएको छ । नेपाली सेनाले एक जना पूर्व जनमुक्ति सेनालाई कोर्ट मार्शल लगाएर १० वर्ष जेल सजाय र यस उप्रान्त कुनै पनि सरकारी सेवामा अयोग्य हुने गरी सजाय तोकेको छ । उनी तत्कालीन युद्धरत नेकपा (माओवादी) को आव्हानमा नेपाली सेनाबाट हतियारउसहित विद्रोह गरेर जनयुद्धमा होमिएका थिए । यो विषय पनि शान्तिप्रक्रियासँग जोडिएको विषय हो र राजनीतिक रूपले समाधान गरिनु पर्ने विषय हो । तर यसमा सेनाले हात हालेर 'हतियारसहित विद्रोह गरी जनयुद्धमा लागेको' मुद्दामा १० वर्षको जेल सजाय तोकेको नेपाली सेनाले भनेको छ । तर यस विषयमा सरकार र सम्बद्ध पक्षले केही बोलेको छैन ।

यसरी जनयुद्धकालीन मुद्दाहरूलाई ब्युँताउँदै एक एक गरी तत्कालीन युद्धरत अवस्थामा गरिएका कार्यहरूलाई ' अपराध' करार गरी जेल हाल्दै जाने स्थितिमा प्रचण्डको हेग चर्चा चल्नु अस्वभाविक र असम्भव देखिन्न । प्रचण्ड आफैले गरेको धोका र गद्दारीका कारण आज रणनीतिक प्रत्याक्रमणको दोस्रो चरणसम्म पुगेको माओवादी जनयुद्धले सेट ब्याक खाएपछि अहिले माओवादी शक्ति तितरबितर हुन गई अहिले माओवादी आन्दोलन रक्षात्मक अवस्थामा धकेलिएको छ । प्रचण्ड 'माओवादी' नामको पार्टी नै परित्याग गरी एमालेको शरणमा पुगेका छन् । र, युद्ध अपराधमा उनलाई अन्तराष्ट्रिय अदालत (हेग)मा लैजाने चर्चा चुलिएको छ ।

सत्य निरूपण तथा मेलमिलाप आयोग, वेपत्ता छानविन आयोगले ४ वर्षे कार्यकालमा पनि केही काम गर्न नसकेको अर्थात् द्वन्द्वकालीन मुद्दाहरूको किनारा लगाई संक्रमणकालीन न्यायलाई टुंग्याउने काम गर्न नसकेको र अकर्मण्यतामा फसेको भन्दै अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाहरूले वक्तव्य निकाल्दै गर्दा नेपालको द्वन्द्वकालीन मुद्दाहरूमा अन्तर्राष्ट्रिय संघ संस्था गुहारिने र आकर्षित हुने स्थितिको विकास हुने स्थिति आउने देखिन्छ । सरकारमा बसेकाहरूको आपसी दाउपेच, स्वार्थको प्रतिस्पर्धा र महत्वाकांक्षाका कारण द्वन्द्वकालीन मुद्दाहरू किनारा लगाउन गम्भीर देखिन्नन् । यस अवस्थामा प्रचण्ड आफैले हेगको हल्ला चलाएपछि यो विषयमा तर्क वितर्क सुरु भएको छ ।

विनास काले विपरीत बुद्धि भनेझैं द्वन्द्वकालीन मुद्दा किनारा लगाउने विषयमा सरकार र अन्य राजनीतिक दलहरू सबै जिम्मेवार बन्न जरुरी छ । ती मुद्दाहरूलाई राजनीतिक सहमतिका आधारमा नै किनारा लगाइनु पर्दछ । शक्तिकेन्द्रको चलखेल हुने, अन्तर्राष्ट्रिय अदालत तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूले नेपालको आन्तरिक मामलामा हस्तक्षेप गर्ने स्थिति आउन नदिन जिम्मेवार ढंगले प्रस्तुत हुनै पर्दछ । अन्यथा यसले विकराल स्थिति अर्थात् आम अराजकताको स्थिति पैदा गर्न सक्छ र मुलुक अन्तहीन द्वन्द्वमा फस्न पुग्दछ । र, यसै मुद्दाले देशको सार्वभौमिकता गम्ने खतरा पनि पैदा हुन सक्छ । यसतर्फ सम्बन्धित सबै पक्ष गम्भीर भएर यी मुद्दाहरूको अविलम्ब किनारा लगाउन जरुरी छ ।

परिवर्तनको सम्वाहक


मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।

www.moolbato.com

# दर्शन र यसको भूमिकाबारे



● कृष्णदास श्रेष्ठ ●

*धर्मले मानिसबाट अन्ध-अनुगमनको अपेक्षा गर्दछ भने दर्शनले दिमागको स्वतन्त्र प्रयोगको, स्वतन्त्र चिन्तनको अपेक्षा गरेको हुन्छ । यसरी, दर्शनको स्रोत नै ज्ञान र अज्ञानतामाझको, अन्धविश्वास र स्वतन्त्र चिन्तनमाझको, धर्म र विज्ञानमाझको अन्तर्विरोध रहेको छ ।*

दर्शन भन्ने बित्तिकै धेरैजसो मानिसहरू तर्सने र मुन्टो फर्काउने गर्छन्, किनभने उनीहरू कस्तो ठान्छन् भने दर्शन एउटा निकै गाह्रो विषय हो, जसलाई "खास-खास मानिसहरू" मात्र अध्ययन गर्छन्, अथवा मानिसको दैनिक जीवनसित दर्शनको कुनै सम्बन्ध छैन । यसैले, साधारण व्यक्तिहरूमा मात्र होइन, अधिकांश शिक्षित व्यक्तिहरूका माझमा पनि दर्शन र दार्शनिक अध्ययनप्रति व्यापक उदासीनता रहेको पाइन्छ । उपरोक्त धारणा बिलकूल गलत छ, र त्यस्तै दर्शनप्रतिको उदासीनता कुनै दृष्टिबाट पनि हितकर छैन ।

साँचो कुरा के हो भने दर्शन मानिसहरूको दैनिक जीवन र त्यसबाट प्राप्त अनुभवहरूसित घनिष्ठ रूपले सम्बन्धित छ । व्यावहारिक जीवनबाट मानिसहरूले महत्वपूर्ण कुराहरू थाहा पाउँछन् र व्यावहारिक अनुभवहरू प्राप्त गर्छन् । उदाहरणका लागि, आफ्ना अनुभवहरूबाट उनीहरूले कुन कुरा थाहा पाएका छन् भने मानिस जन्मन्छ – मर्छ, उसलाई खुशी वा दुःख लाग्छ, बहुसंख्यक मानिसहरू भोक-रोगका शिकार छन्, समाजमा विविध घटनाहरू घट्ने गर्छन्, सामाजिक जीवनमा विभिन्न द्वन्द्वहरू छन्, आदि । यी सारा व्यावहारिक जीवनका अनुभवहरू हुन् । तर त्यसको अर्थ उनीहरूले दैनिक अनुभवका कुराहरूको सारा रहस्य र अर्थ बुझेका छन् भन्ने कदापि होइन । दर्शनको सम्बन्ध मुख्य रूपमा सबैलाई थाहा भएका कुराहरू तर त्यसबेलासम्म नबुझिएका रहस्य र अर्थहरूसित रहेको हुन्छ । अर्थात् दर्शनले थाहा भएका तर बोध नभइसकेका कुराहरूसित मुख्य चासो राख्दछ । उदाहरणका लागि, मानिस मर्ने घटनाहरू सामान्य कुरा हुन्, र ती सबैले थाहा पाएका कुरा हुन् । तर, मानिसहरू किन मर्छन् ? मरेपछि कहाँ जान्छ ? आत्मा भनेको के हो ? र त्यो मर्छ कि मर्दैन ? आत्मा र शरीरमाझ कस्तो सम्बन्ध रहन्छ ? आदि । मरणको सवाललाई लिएर जब विभिन्न प्रश्नहरू उठ्छन्, तब पहिले साधारण जस्तो लागेको उक्त सवाल निकै रहस्यमय र निकै गहन हुन जान्छ । जब मानिसहरू उपरोक्त सवालहरूमा घोत्लिन थाल्छन्, तिनको जवाफको लागि आफ्नो दिमाग खियाउन थाल्छन्, तब तिनीहरूको तर्फबाट दार्शनिकीकरणको क्रियाको थालनी हुन्छ । जब मानिसले यस्तो किन भयो, कसरी भयो भन्ने सवाललाई आफ्नो सामु राखेर वा नयाँ-नयाँ ढङ्गबाट सवालहरू उठाएर कुनै खास विषयमा चिन्तन-मनन गरी ती प्रश्नहरूको जवाफ प्रस्तुत गर्छ, तब ऊ दार्शनिकीकरण गरिरहेको हुन्छ ।

मानव समाजमा नयाँ-नयाँ घटनाहरू घट्ने गर्छन्, नयाँ-नयाँ परिवर्तनहरू हुने गर्छन्, मानिसहरूमा नयाँ-नयाँ धारणा र विचारहरू पैदा हुन्छन् । यी सब सामान्य कुरा हुन्, जसलाई सबैले देखिरहेका छन् । यी दैनिक अनुभवको क्षेत्रमापर्छन् । तर यस्ता घटनाहरू घट्नुको पछिल्तिर, त्यस्ता परिवर्तनहरू हुनुको पछिल्तिर क्रियाशील रहेका कारणहरू ती देख्ने-सुन्ने सबैको लागि स्पष्ट रहँदैनन् । तिनलाई लिएर यस्ता प्रश्नहरू उठाउने गर्छन् – समाजमा परिवर्तन आउनाको कारण के हो ? कुन कारणबाट परिवर्तन हुने गर्छ ? समाजमा कुनै खास घटना किन घटेको हुन्छ ? विचारहरू कहाँबाट आउँछन् ? कुनै खास विचार ठीक छ कि बेठीक छ भनेर हामीले कसरी जाँच्ने ? वास्तवमा कुनै पनि चिन्तनशील व्यक्तिको मनमा त्यस्ता प्रश्नहरू स्वाभाविक रूपमा उठ्ने गर्छन् । जब मानिस उपरोक्त प्रश्नहरूमा चिन्तन-मनन गर्न र तिनको जवाफ प्रस्तुत गर्न लाग्छ, तब उसले दार्शनिकीकरणको काम गरिरहेको हुन्छ । हाम्रो कम्युनिस्ट आन्दोलनसित सम्बन्धित एउटा तथ्यलाई लिऔं । उक्त आन्दोलन विभिन्न समूह तथा उप-समूहहरूमा विभाजित रहेको छ, यसभित्र बेमेल, फूट, वैमनश्यता, अविश्वास, झगडा, आदि व्यापक रूपमा फैलिएका छन् । यी सारा सबैले स्पष्टसित देखिरहेका तथ्य हुन् । ती तथ्यहरू आफैमा त्यति महत्व राख्दैनन्, किनभने ती बाहिर देखिएका कुरा मात्र हुन् र ती कुनै कारणहरूका प्रभाव हुन् । तिनका पछाडि जुन कारणहरू छन्, ती अधिक महत्वका छन् । उक्त तथ्यहरूको आधारमा जब कसैले तिनका कारणहरू पत्ता लाउन चिन्तन-मनन गर्न थाल्छ, तब एक किसिमको दार्शनिकीकरणको प्रक्रिया शुरु हुन्छ । कम्युनिस्ट आन्दोलनमा फुट आउनका कारणहरू के हुन् ? किन कम्युनिस्ट शक्तिहरू एकताबद्ध हुन सकिरहेका छैनन् ? सच्चा कम्युनिस्ट एकता कसरी र कुन आधारमा ल्याउनुपर्छ ? त्यस सम्बन्धमा यस्ता अरु पनि कैयन् प्रश्नहरू उठ्न सक्छन् । जब कसैले कम्युनिस्ट एकताको सवालबारे चिन्तन-मनन तथा विश्लेषण गरेर उपरोक्त खालका प्रश्नहरू प्रस्तुत गरी तिनको उत्तर दिन थाल्छ, तब उसले दार्शनिकीकरण गर्न थालेको हुन्छ ।

यसरी हामी के देख्छौं भने दार्शनिकीकरणको प्रक्रिया त्यहीँ शुरु हुन्छ, जहाँ मानिसले कुनै खास घटना किन घटेको हो, किन त्यो खास ढङ्गबाट घटेछ र अर्को ढङ्गबाट किन घटेनछ, किन त्यो कुनै खास समयमा घटेको हो, जस्ता प्रश्नहरूमा घोत्लिन थालेर जवाफ प्रस्तुत गर्ने जमर्को गर्छ । दर्शनको थालनी तब हुन्छ, जब हामी "किन", "केको लागि", "कुन ढङ्गबाट", "कसरी" भनी सोचेर चिन्तन-मनन गर्न थाल्छौं । स्पष्ट छ, त्यस्ता प्रश्नहरू हाम्रा वास्तविक संसारसित घनिष्ठ रूपले सम्बन्धित र हाम्रो व्यावहारिक अनुभवमा आधारित त्यसको सैद्धान्तिकीकरण मात्र हो । अर्थात्, जब मानिस आफ्नो सामु एउटा खुल्ला पुस्तकको रूपमा रहेको संसारको सैद्धान्तिक जाँचबुझ, विश्लेषण र व्याख्या गर्न थाल्छ, तब दर्शन शुरु हुन्छ ।

उपरोक्तबाट कुन निष्कर्ष निस्कन्छ भने दार्शनिक चिन्तन धर्म, अन्ध-आस्था, आदिको पुरै विरोधमा रहेको छ । परम्पराप्रति आस्था, धार्मिक विश्वास, अन्धविश्वास, आदि दर्शनको मर्मकै विपरीत कुरा हुन् । बिनासोचविचार कसैले भनेको कुरामा विश्वास गर्नु, पहिलेदेखि चलिआएको नाउँमा आँखा चिम्लेर पुरानोको समर्थन गर्नु, बग्गीको घोडा झैं भएर कसैको निर्देशनमा हिंड्नु, दासले मालिकको आज्ञा पालन गरे झैं कसैको आदेश पालन गर्नु – यस्ता कुराहरू दार्शनिक चिन्तन-मननका एकदमै प्रतिकूल छन् । वास्तवमा दर्शनको सम्पूर्ण भावना सनातनता र धर्मको सारतत्वको पूरै विपरीत रहेको छ । धर्म र सनातनवादका मूल आधार परम्परागत विश्वास र अन्धविश्वास हुन्, र आँखा चिम्लेर गरिने विश्वासको स्रोत चाहिं अज्ञानता हो । धर्म र सनातनवादले हामीलाई यस्तो सल्लाह दिन्छन्– सनातनमा विश्वास गर, ईश्वरमा भर गर, तर सोच्ने काम नगर, दार्शनिकीकरण नगर । धर्ममा आस्था राख्ने मानिसहरू सनातनभन्दा बाहिर सोच्नुलाई एक प्रकारको पाप ठान्छन्, र उनीहरूको दृष्टिमा, जान्ने जिज्ञासा, कुतूहलता एउटा अवाञ्छित कुरो बन्छ । अन्धविश्वास र पूर्वाग्रहको सिक्रीले बाँधिएर उनीहरू सनातन र परम्परागत विश्वासका दास बन्छन् ।

तर दर्शनको सम्बन्धमा कुरो बिलकूल उल्टो रहेको छ । दर्शन (philosophy) भन्ने शब्द दुइटा ग्रीक शब्दहरू मिलेर बनेको हो, र उक्त शब्दहरूको संयुक्त अर्थ हुन्छ, ज्ञानप्रति प्रेम (यिखभ या धष्कमफ) । दर्शनको अर्थ र भावना सनातनताप्रति अन्ध-आस्था, अन्धविश्वास तथा पूर्वाग्रह, परिघटनाहरूको "दैवी रूप" आदिको, बिनाअन्वेषण तथा बिनाविश्लेषण आँखा चिम्लेर विश्वास गर्ने कुराको पूरै विपरीत छ । त्यसले व्यावहारिक अनुभवमा आधारित तर्कसम्मत ज्ञान, अवलोकन तथा अन्वेषण, घटनाहरूको वास्तविक कारणको खोज, आदिको अपेक्षा गर्छ । दार्शनिक चिन्तनको एउटा ठूलो र विशिष्ट लक्षण नै ज्ञान प्राप्त गर्ने चाहना, संसारलाई जान्ने-बुझ्ने र त्यसको वास्तविक व्याख्या प्राप्त गर्ने चाहना हो ।

त्यसरी, धर्म वा सनातनता र दर्शनका दृष्टिकोण, तरिका र भावना एक अर्कोसित एकदमै बाझिएका हुन्छन् । ती दुईका माझ मिल्नै नसकिने अन्तर्विरोध विद्यमान छ, र त्यो अन्तर्विरोध दर्शनको निर्माणको प्रस्थान-बिन्दु हुन्छ । दार्शनिक चिन्तनको थालनी त्यस बिन्दुबाट हुन्छ, जुन बिन्दुमा मानवीय चिन्तन अन्धविश्वासको घेरालाई, परम्पराप्रति अन्ध-आस्थाको पर्खाललाई भत्काएर बाहिर निस्कन थाल्छ । अन्धविश्वास, पूर्वाग्रह तथा परम्परागत आस्थाको विरुद्ध सङ्घर्ष नै दार्शनिक चिन्तनको प्रस्थान-बिन्दु रहन्छ । धर्मले मानिसबाट अन्ध-अनुगमनको अपेक्षा गर्दछ भने दर्शनले दिमागको स्वतन्त्र प्रयोगको, स्वतन्त्र चिन्तनको अपेक्षा गरेको हुन्छ । यसरी, दर्शनको स्रोत नै ज्ञान र अज्ञानतामाझको, अन्धविश्वास र स्वतन्त्र चिन्तनमाझको, धर्म र विज्ञानमाझको अन्तर्विरोध रहेको छ ।

उपरोक्त भनाइबाट कुन कुरा स्पष्ट हुन आउँछ भने दर्शनको विकासको लागि केही पूर्वाधारहरूको खाँचो पर्दछ । जबसम्म मानिसहरू सनातन र परम्पराको घेराभित्र रहन्छन् वा रहन बाध्य हुन्छन् , तबसम्म दार्शनिक चिन्तनको विकास हुन सक्दैन । दार्शनिकीकरणका लागि, दार्शनिक विकासको लागि एउटा आवश्यक स्थिति स्वतन्त्र चिन्तन हो । आफ्नो "इपिक्युरियाली दर्शन सम्बन्धी नोटबुक" मा मार्क्सले लेख्नु भएको छ : "...दार्शनिक अनुसन्धानका लागि पहिलो आवश्यकता हो साहसिलो, स्वतन्त्र मन ।"

*क्रमशः...*

झर्रोटर्रो kailubraha73@gmail.com — कैलुब्राह

# विभागीय विवाद

सरखारी नेकपा उर्फ डबल नेकपामा यतिखेर विभागीय विवाद निकै चर्को रूपमा चर्किएको छ । सो विवादलाई सामसुम पार्न डबल नेकपाका डबल अदक्षलाई पनि महाभारतको चक्रब्युह छिचोल्न जत्तिकै सकस परेको छ । सङ्गठन विभाग र विदेश विभागमा दुई अदक्षको करिब करिब चोचोमोचो मिलेको छ । तर तलका उपनेताहर्ले त्यसमा पनि आनाकानी गरेर गुनासाका पुन्तुरा भासनभिसनदेखि, पकेटे बैठकसम्म र कतिपयले त फेसबुके भित्तामा समेत छताछुल्ल घोप्ट्याएका हुनाले त्यसमा पनि घोषना हुन सकेको छैन । सङ्गठनमा प्युठानी गोब्रे नेता र विदेश विभागमा रौतहटे भूपूलाई दिनेगरी दुई अदक्षले चोचोमोचो मिलाए पनि सबैको सो निर्नेमा सहमति हुन सकेको छैन । विशेष गरी पर्धानमन्तरी भैसकेका, पाटीका अदक्ष, महासचिव भैसकेर लुँड्याएकाहर्लाई फेरी पनि विभागको विलो किन चाइयो भन्ने तलकाहर्को गुनासो र आपत्ती रहेको छ । ती आपत्ती जनाउनेहर्ले किन कुरो नबुझेका होलान् ? यो पाटी भनेकै सकेसम्म सक्नेले सकेजती लुँड्याइरहने हो । लुँड्याएकाहरू यस मर्त्यलोबाट बिदा भएर 'स्वर्ग'तिर हिंडे भने मात्रै अरूको पालो आउने हो ।

सबै भन्दा बढ्ता विवाद स्कूल विभागमा पऱ्यो । पर्थम दर्जाका अदक्ष गुटका उपर्धानमन्तरीले यो विभागमा दावी गरेका छन् भने दोयम दर्जाका अदक्ष गुटका काजीसावले पनि स्कुलै विभागमा दागा धरेका छन् । यसमा दुवै अदक्ष पाइनलका नेताहर्को माथापच्ची लडाइँ चर्केको छ । हुन त यो स्कुल विभागले क्यै लछारपाटो लाउने पनि हैन । तर पनि दुईथान नेता यो विभाग हात पार्न न्वारानदेखिको बल लगाएर मैदानमा डटेका छन् । यतिखेर पाटीमा सिद्धान्त, विचार पढ्ने कुरा त खारेज भएको छ । तर पनि स्कुल विभागमा यत्रो रडाको मच्चिएकै छ । यो कुरो बुझ्न नसक्नुको छ । आचकलका नेता कार्यकर्ताहर्ले पढ्ने भनेको फेसबुके स्टाटस हो । बरु यो स्कुल विभागलाई फेसबुक विभाग बनाएर कोही कम्प्युटर जानेको मनुखेलाई जिम्मा दिए भयो । तेसो गर्दा यो स्कुल विभागको टण्टो पनि खतम हुन्च ।

विभागीय विवादलाई समाधान गर्ने नै हो भने नयाँ विभागहरू बनाएर पनि भागविलो लाए हुन्च भन्ने यो कैलुको ठहर छ । ऐलेको जमानामा विभाग त जति पनि बनाउन सकिन्च । कस्को के कुरामा रुची छ त्यसै अन्सार विभाग बनाउने र उसलाई जिम्मा दिने हो भने यो विवादको लफडा खत्तम हुन्च । यदि धेरै विभाग बनाएर पनि समाधान हुन सकेन भने एउटो विभागमा दुइटालाई पर्मुख बनाइदिने । पाटीमा दुइटा अदक्ष हुन मिल्च भने विभागमा पनि त्यसैगरी एउटो विभागमा दुइटालाई जिम्मा दिँदा के फरक पर्च र ? त्यसो गर्दा एकनम्बरी अदक्ष वाला नेकपा र दुई नम्बरी अदक्षवाला नेकपाका सबै नेतालाई विभागको भागविलो पुऱ्याउन सकिन्च ।

यतिखेर मुख्य गरेर स्कूल विभागमा सबै भन्दा बढ्ता लुछाचुँडी परेको छ । सङ्गठन तथा विदेश विभागमा पनि असन्तुष्टी परेको हुनाले अरू विभाग बनाएर सबैलाई विलो लाइदिए हाइसन्चो । जस्तै स्कुल विभागमा प्राइमरी स्कुल विभाग, हाइस्कुल विभाग, क्याम्पस विभाग र खुल्ला स्कुल तथा खुल्ला क्याम्पस विभाग बनाइदिने । पर्चार विभाग, पर्काशन विभाग, शिक्षा विभाग, आदि इत्यादि पुराना विभाग जे जति छन् ती सबैलाई बाँडचुँड गर्ने । त्यसपछि नयाँ विभाग बनाउने । नयाँ विभागमा डोजर विभाग, जग्गा प्लटिङ विभाग, ठेक्कापट्टा विभाग, कमिसन असुल विभाग, एनजिओ विभाग, दलाल विभाग, डेलिगेसन विभाग, फाइल ओसार पसार विभाग, म्यानपाओर विभाग, भट्टी विभाग, क्यारामवोर्ड विभाग, चिया पसलका गफाडी विभाग आदि इत्यादि विभाग बनाएर केन्द्रीय सदस्यदेखि, जिल्लाका अदक्ष, सचिव हुँदै थानीय तहका कार्यकर्तासम्मलाई विभागीय जिम्मेवारी तोक्ने । यसो गर्दा पाटीका करिब पचहत्तर पर्तिशत नेताहर्को समस्या समाधान भइहाल्च । बाँकी रहेका थानीय कार्यकर्ताहर्लाई पर्धानमन्तरी रोजगार विभाग बनाएर जकेट भिराइदिने र वडावडामा खटाउने । तेसो गर्दा सबै नेता कार्यकर्ता व्यस्त हुनेछन् । थाइकमिटीका पैतालिस थान नेताहर्लाई पनि उनीहर्को चहना, रुची र दक्षता क्षमताअन्सार्को विभाग बनाएर थमाइदिने । यति गरेपछि डबल नेकपाको विभागीय विवाद तुरुन्तै समाधान हुन्च ।

*१९ साउन २०७६*

# नेपालमा मार्क्सवाद र संशोधनवादका बीच संघर्षबारे संक्षिप्त अवलोकन

वस्तुगत नियम हो। पार्टीमा चल्ने स्वस्थ तथा मैत्रीपूर्ण संघर्षको समाधान स्वस्थ तथा मैत्रीपूर्ण रूपमा हुन्छ र गरिनु पर्दछ। परन्तु जब त्यस संघर्षले शत्रुतापूर्ण रूप लिन पुग्दछ त्यस स्थितिमा पार्टीमा फुट पनि पैदा हुन्छ। त्यस प्रकारको फुटलाई मूलतः विचारधारात्मक तथा राजनीतिक फुटका रूपमा ग्रहण गर्नु पर्दछ।

कम्युनिस्ट आन्दोलनमा क्रान्तिकारी र अवसरवादी धाराका बीच अन्तर गर्ने मूल कसौटी वा मापदण्ड हुन्- पथप्रदर्शक सिद्धान्त, राजनीतिक तथा सामरिक कार्यदिशा, सांगठनिक मान्यता र संघर्षसम्बन्धी गतिविधि। हामीले यिनलाई मूर्त बनाई अध्ययन गर्नु पर्दछ।

प्रस्तुत सङ्कलित कृति मार्क्सवादको पक्ष र संशोधनवाद तथा पश्चगमनको विपक्षमा परिलक्षित रहेको छ। यहाँ नेपाली कम्युनिस्ट आन्दोलनमा मार्क्सवाद र संशोधनवादका बीच चल्दै आएको संघर्षलाई वाद, विवाद तथा संवादका रूपमा उल्लेख गर्दै इतिहासबाट सिक्नु पर्ने पाठ र वर्तमान अवस्थामा मार्क्सवादीहरूले निर्वाह गर्नुपर्ने दायित्वबारे सङ्क्षिप्तमा चर्चा गरिएको छ।

***इतिहासको द्वन्द्ववाद***

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको ऐतिहासिक विकास प्रक्रियाको द्वन्द्ववादमाथि प्रकाश पार्दै चिनियाँ कम्युनिस्ट पार्टी भन्दछ : "एकता, संघर्ष र विभाजनसम्म तथा नयाँ आधारमा नयाँ एकता-त्यही हो अन्तराष्ट्रिय कम्युनिस्ट आन्दोलनको विकासको द्वन्द्ववाद।" (महान् बहस,पृ.१९६।) यो उद्धरण १९६० को दशकमा चिनियाँ कम्युनिस्ट पार्टीले रूसी कम्युनिस्ट पार्टीलाई पठाएको पत्रबाट लिइएको हो। यो भनाइ अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको विकाससम्बन्धी द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोणमा आधारित छ। यो कुरा नेपाली कम्युनिस्ट आन्दोलनमा पनि लागु हुन्छ।

कम्युनिस्ट आन्दोलनको इतिहासको द्वन्द्ववादलाई बुझ्नका लागि विपरीतहरूको एकता र संघर्ष सम्बन्धी द्वन्द्ववादको आधारभूत नियमबारे केही कुरा गर्न आवश्यक छ। यो नियम समस्त प्रकृति, मानव समाज, चिन्तन र कम्युनिस्ट पार्टीभित्र पनि क्रियाशील हुन्छ। विपरीतहरूको एकता र संघर्षका दुई अवस्था हुन्छन्। पहिलो अवस्थामा विपरीतहरूबीच एकता र संघर्ष दुबै हुन्छन्, विपरीतहरू साथसाथै रहन्छन् र एकको अभावमा अर्काको अस्तित्व हुँदैन। दोस्रो अवस्थामा ती विपरीतहरू एकअर्कोमा बदलिन्छन्। जस्तो कि माओ भन्नुहुन्छ : "सबै परस्पर विपरीतहरू अन्तःसम्बन्धित हुन्छन्, र ती न केवल एक विशेष परिस्थितिमा एउटै एकाइमा सहअस्तित्वको स्थितिमा रहन्छन्, अपितु एक अन्य विशेष परिस्थितिमा एक अर्कोमा पनि बदलिन्छन्।" (ग्रन्थ १, हिन्दी पृ.१०९।) हामीले विपरीतहरूको एकता र संघर्षका यी दुबै अवस्थालाई वाद-विवाद र सम्वाद वा एकता–संघर्ष र रूपान्तरणका अर्थमा पनि बुझ्नु पर्दछ। यसरी हेर्दा एउटा कम्युनिस्ट पार्टीमा एउटा अवस्थामा एकैसाथ वाद–विवाद वा एकता–संघर्ष मात्रै हुन्न, अपितु अर्को अवस्थामा तिनको रूपान्तरण पनि हुन्छ। कम्युनिस्ट पार्टीमा विद्यमान अन्तःसंघर्ष वा दुई लाइन संघर्षलाई यसरी नै बुझ्नु पर्दछ। कम्युनिस्ट पार्टी भित्र चल्ने अन्तःसंघर्ष वा दुई लाइन संघर्ष मैत्रीपूर्ण नै हुन्छन् र हुनुपर्दछ , परन्तु कुनै खास अवस्थामा तिनले शत्रुतापूर्ण रूप पनि लिन सक्तछन् र पुग्दछन् पनि। मुख्यतः जब पार्टीमा संशोधनवादले प्रवेश गर्दछ, त्यो बेला संघर्षले शत्रुतापूर्ण रूप लिन पुग्दछ। त्यस स्थितिमा पार्टीमा एकता-संघर्ष र रूपान्तरण वा वाद-विवाद र सम्वाद होइन, विभाजन अर्थात् फुट पैदा हुने गर्दछ।

नेपाली कम्युनिस्ट आन्दोलनको इतिहास मार्क्सवादी र संशोधनवादी धाराका बीचको भीषण संघर्षको इतिहास हो। यो इतिहास वाद, विवाद र संवादको द्वन्द्वात्मक प्रक्रियाका बीचबाट विभिन्न चरण हुँदै अगाडि बढेको छ। यो प्रक्रियालाई मूलतः यसरी प्रस्तुत गर्न सकिन्छ : २००६ सालदेखि २०३१ सालसम्म, २०३१ पश्चात् २०५१ सालसम्म, २०५२ देखि २०६९ सालसम्म र २०६९ देखि हालसम्म। यस प्रक्रियाका मूल विशेषताबारे संक्षिप्तमा चर्चा गर्न आवश्यक छ।

***(क) २००६ सालदेखि २०३१ सालसम्म***

२००६साल बैसाख १० अर्थात् २२ अप्रिल १९४९ मा नेपालमा क. पुष्पलालको नेतृत्वमा कम्युनिस्ट पार्टीको स्थापना भयो र त्यसले एउटा महत्वपूर्ण पर्चा निकाल्यो। १५ सेप्टेम्बर १९४९ मा पार्टीको पहिलो घोषणापत्र प्रकाशित भयो। त्यसमा अर्धसामन्ती तथा अर्धऔपनिवेशिक अवस्थामा रहेको नेपालमा मार्क्सवाद-लेनिनवादको पथप्रदर्शनमा सामन्तवाद, साम्राज्यवाद र विस्तारवादका विरूद्ध लोकजनवादी अर्थात् जनताको जनवादी क्रान्ति गर्नुपर्ने मान्यता प्रस्तुत गरियो। २००८ सालको राष्ट्रिय सम्मेलनमा क. पुष्पलालको नेतृत्वमा नयाँ जनवादी क्रान्तिको कार्यक्रम पारित गरियो। २००६ सालदेखि पहिलो महाधिवेशनसम्मको अवधि क्रान्तिकारी अवधि थियो र यो निकै शानदार तथा उपलब्धिमूलक रह्यो।

परन्तु, २०१० सालदेखि २०१९ सालसम्मको अवधिमा पार्टीमा संशोधनवाद प्रभावी रह्यो। २०१० सालको पहिलो महाधिवशनमा नयाँ जनवादी कार्यक्रमलाई हटाई संसदवादी तथा सुधारवादी कार्यक्रम पारित गरियो। मनमोहनलाई महासचिव बनाइयो र उनकै नेतृत्वमा २०१३ सालमा राजाको वैधानिक नायकत्वलाई स्वीकार गरियो। २०१४ सालमा सम्पन्न दोस्रो महाधिवेशनमा नयाँ जनवादलाई सशक्त रूपमा उठाइएन। गणतन्त्रको नारा स्वीकार गरिए पनि राजावादी केशरजंग रायमाझीलाई महासचिव बनाइयो। २०१७ सालमा रचिएको राजाको फौजी काण्ड पश्चात् २०१९ सालमा सम्पन्न तेस्रो महाधिवेशनमा राष्ट्रिय प्रजातन्त्रको आधारभूत कार्यक्रम र सर्वसत्ता सम्पन्न सार्वभौम संसदको मूल राजनीतिक कार्यनीति पारित गरियो। यो संशोधनवाद प्रभावी रहेको अवधि थियो।

तृतीय महाधिवेशन पश्चात् पार्टीमा भीषण सैद्धान्तिक तथा राजनीतिक दुई लाइन संघर्ष चल्यो। यसै क्रममा पार्टीमा विभाजनको प्रक्रिया अघि बढ्यो। २०२५ सालमा तेस्रो सम्मेलन सम्पन्न गरी बनेको पुष्पलाल समूह, २०२८ सालको झापा विद्रोहबाट जन्मिएको विद्रोही कम्युनिस्ट समूह र २०२८ सालको केन्द्रीय न्यूक्लस हुँदै २०३१ सालमा गठित चौथो महाधिवेशन समूह- मार्क्सवाद-लेनिनवाद तथा माओविचारधारा, नयाँ जनवाद र सशस्त्र संघर्षको कार्यदिशाको पक्षमा उभिए। यद्यपि यी एकताबद्ध हुन सकेनन्, परन्तु यिनले रुसी आधुनिक संशोधनवाद र तेस्रो महाधिवेशनमा पारित राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमको दृढ विरोध गरे। यो क्रान्तिकारी पुनरुत्थानको अवधि थियो।

नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा २००६ सालदेखि २०१० सालको पहिलो महाधिवेशनपूर्वको अवधिलाई वाद, पहिलो महाधिवेशनदेखि तेस्रो महाधिवेशनको अवधिलाई विवाद र त्यसयता २०३१ सालको चौथो महाधिवेशनसम्मको अवधिलाई संवादका अर्थमा पनि लिन सकिन्छ। यहाँ निषेधको निषेधको एउटा प्रक्रिया पुरा भएको छ। पहिलोलाई दोस्रो र दोस्रोलाई तेस्रो अवधिले निषेध गरेका छन्। यस प्रक्रियामा मार्क्सवाद-लेनिनवाद तथा माओविचारधारा, नयाँ जनवादी क्रान्तिको कार्यक्रम र सशस्त्र संघर्षको मान्यता स्थापित भएका छन्।

***(ख) २०३१ साल पश्चात् २०५१ सालसम्म***

यस अवधिको प्रारम्भ मार्क्सवाद-लेनिनवाद तथा माओविचारधारा, नयाँ जनवाद र सशस्त्र संघर्षको मान्यता स्वीकार गर्ने चौथो महाधिवेशन समूह र झापा विद्रोही समूह प्रबल बन्दै देशव्यापी रूपमा फैलँदै गए। २०३६/०३७ को जनआन्दोलनमा कम्युनिस्टहरूको सशक्त भूमिका रह्यो। रायमाझी तथा तुल्सीलाल समूह कमजोर बन्दै गए।

परन्तु, ४० को दशकमा चौम समूह- तीन धारामा- मशाल, मसाल र चौममा विभाजित बन्यो। झापा विद्रोहीबाट विकसित माले समूहमा अवसरवादको गन्ध आउन थाल्यो। क्रान्तिकारी कम्युनिस्ट धाराहरूमा तीव्र मतभेद र विवादहरू पैदा हुँदै गए। आन्दोलन केही कमजोर बन्दै गयो। यसै क्रममा २०४६ को अन्ततिर संयुक्त जनआन्दोलन मार्फत् पञ्चायती व्यवस्था ढल्यो र वैधानिक राजतन्त्रात्मक संसदीय बहुदलीय व्यवस्थाको स्थापना भयो। २०४६ पश्चात् नेपाली कम्युनिस्ट आन्दोलनमा एकीकरण र ध्रुवीकरणको प्रक्रिया तीव्र बेगमा अगाडि बढ्यो। यसै क्रममा एकातिर नेकपा माले, मनमोहन समूह तथा तुल्सीलाल समूहका बीच एकीकरणको प्रक्रिया अगाडि बढ्यो। उनीहरूले २०४७ सालमा महाधिवेशन गरे र नयाँ जनवादलाई परित्याग गरी बहुदलीय जनवादको संशोधनवादी तथा संसदवादी कार्यदिशा अवलम्बन गर्न पुगे। परन्तु, त्यसका ठीक विपरीत अर्कोतिर नेकपा (मशाल), नेकपा (चौम), सर्वहारा श्रमिक संगठन तथा विद्रोही मसाल मिलेर क्रान्तिकारी एकीकरणको प्रक्रियालाई अगाडि बढाए। उनीहरूद्वारा २०४८ सालमा एकता महाधिवेशन गरी मार्क्सवाद-लेनिनवाद-माओवाद, नयाँ जनवाद तथा दीर्घकालीन जनयुद्धको कार्यदिशा पारित गरियो। यस प्रकारको एकीकरण र ध्रुवीकरणको प्रक्रियामा नेकपा (मसाल), नेपाल मजदुर किसान पार्टी आदि कतिपय समूह सम्मिलित भएनन्।

२०३१ देखि २०५१ सम्मको यस प्रक्रियामा ३० को दशकमा विकसित क्रान्तिकारी कम्युनिस्ट आन्दोलनको सशक्त तथा प्रभावकारी धारालाई ४० को दशकको पूर्वार्द्धमा पैदा भएका फुट तथा विचलनले निषेध गर्‍यो। अनि त्यस पश्चात् विकसित एकीकरण र ध्रुवीकरणले त्यस प्रकारका फुट तथा विचलनलाई निषेध गरी अर्को नयाँ संवादलाई जन्म दियो।

***(ग) २०५२ देखि २०६९ सम्म***

२०५२ फागुन १ देखि नयाँ जनवादी क्रान्तिको आवश्यक तयारी गर्दै तथा यसक्रममा दक्षिणपन्थी संशोधनवादका विरुद्ध विचारधारात्मक संघर्ष चलाउँदै महान् जनयुद्ध सञ्चालित गरियो। सो जनयुद्ध दश वर्षसम्म आधार इलाका तथा स्थानीय जनसरकारहरूको स्थापनाका बीचबाट रणनीतिक रक्षा र सन्तुलनका चरण पार गर्दै अगाडि बढ्यो र यो एक आकर्षणको केन्द्र बन्न पुग्यो। यो नेपाली नयाँ जनवादी क्रान्ति तथा कम्युनिस्ट आन्दोलनको इतिहासमा एक युगान्तकारी परिघटना थियो।

यसै अवधिमा अन्य कम्युनिस्ट समूहहरूमा एकीकरण र ध्रुवीकरणको प्रक्रिया अगाडि बढ्यो। नेकपा (एमाले) विभाजित बन्न पुग्यो। त्यो समूह एमाले र मालेमा विभक्त भयो। यस अवधिमा एमाले र मालेभित्रका कैयौं क्रान्तिकारीहरू नेकपा (माओवादी) मा एकीकृत हुनपुगे। यस अवधिमा पनि वाद-विवाद र सम्वादका विभिन्न प्रक्रिया अगाडि बढे।

परन्तु, जनयुद्धको अन्तिमकाल तथा २०६३ मङ्सिरमा गरिएको विस्तृत शान्तिसम्झौता यता पार्टीको एउटा प्रमुख नेतृत्व पंक्तिमा पैदा भएको गम्भीर प्रकृतिको दक्षिणपन्थी विचलन तथा विश्वासघातका कारण क्रान्तिले गम्भीर धक्का खान पुग्यो।

संविधानसभाको कालमा एकातिर पार्टीभित्र भीषण दुईलाइन संघर्षको क्रम अघि बढ्यो भने अर्कोतिर एकीकरण एवं ध्रुवीकरणको प्रक्रिया पनि विकसित भयो। यसै सिलसिलामा २०६९ सालमा क्रान्तिकारी धाराले अवसरवादका विरुद्ध ऐतिहासिक विद्रोह गर्‍यो।

नेपाली कम्युनिस्ट आन्दोलनको वाद, विवाद र संवादको यस प्रक्रियामा २०५२ सालदेखि विकसित हुँदै आएको क्रान्तिकारी धारालाई माओवादीभित्रकै अवसरवादी धाराले निषेध गर्‍यो र सो अवसरवादी धारालाई माओवादी सहितको क्रान्तिकारी धाराले निषेध गर्न पुग्यो।

***(घ) २०७० सालदेखि हालसम्म***

यो अत्यन्तै तीव्र एकीकरण र ध्रुवीकरणको अवधि हो। यसै क्रममा कम्युनिस्ट आन्दोलनमा विभिन्न धारा तथा उपधाराका बीच वाद, विवाद र सम्वादका विभिन्न प्रक्रिया चल्दै आएका छन्। आज नेपाली कम्युनिस्ट आन्दोलनमा दक्षिणपन्थी संशोधनवादीहरू एकातिर र क्रान्तिकारीहरू अर्कोतिर भई संवादका रूपमा एकीकरण र ध्रुवीकरणको प्रक्रिया अगाडि बढेको छ।

यो बेला नेपाली कम्युनिस्ट आन्दोलन मूलतः दुई धारा तथा ध्रुवमा खडा छ। आज एउटा ध्रुवमा कम्युनिस्ट पार्टी स्थापनादेखि प्रथम महाधिवेशन पूर्वसम्मको क्रान्तिकारी परम्परा, क. पुष्पलालद्वारा २०२५ मा आयोजित तेस्रो सम्मेलन, २०२८ सालको ऐतिहासिक झापा विद्रोह तथा २०२८ को केन्द्रीय न्युक्लस हुँदै २०३१ मा आयोजित चौथो महाधिवेशन र २०५२-२०६२ सम्मको दशवर्षे जनयुद्ध सहितको क्रान्तिकारी धारा खडा छ। परन्तु यसको ठीक उल्टो २०१०-२०१९ सम्मको दक्षिणपन्थी संशोधनवादी परम्परा, झापा विद्रोहबाट विचलित माले तथा एमालेका नकारात्मक प्रवृत्ति र पूर्व चौम तथा माओवादी आन्दोलनको अवसरवाद सम्मिलित भई अर्को ध्रुव खडा भएको छ। आज यो धारा पश्चगमनको यात्रामा हिँडिरहेको छ। उक्त दुई धारा वा ध्रुवभन्दा पृथक् केही उपधारा पनि आज अस्तित्वशील रहेका छन्। तर तिनले लामो समयसम्म स्वतन्त्र वा तटस्थ हैसियत जोगाइराख्न सक्तैनन्।

हामीले द्वन्द्ववादको अध्ययन गर्दा के कुरा बुझ्न जरूरी छ भने कुनै खास समयमा विपरीतहरूका बीचको एकता र संघर्षले उल्टो दिशामा पनि फड्को हान्ने गर्दछ। कुनै खास समयमा वाद, विवाद र सम्वादको प्रक्रिया पनि यसरी नै बढ्दछ। परन्तु सदैव यस्तो हुँदैन। यस्तो रूपान्तरण प्रायशः सुल्टो दिशामा नै हुने गर्दछ। नेपाली कम्युनिस्ट आन्दोलनको विकासको यो सिंगो ऐतिहासिक प्रक्रिया एकातिर एकता, संघर्ष, फूट तथा संशोधनवादी विचलन हुँदै पश्चगमनसम्म पनि र अर्कोतिर पुनः नयाँ आधारमा नयाँ एकीकरण तथा ध्रुवीकरणका बीचबाट एकीकृत कम्युनिस्ट पार्टी निर्माणको दिशामा अगाडि बढेको छ।

***संशोधनवादको उत्कर्षः पश्चगमन***

कुनै खास समयको एउटा क्रान्तिकारी कम्युनिस्ट अर्को कुनै खास समयमा संशोधनवादीमा र त्यो संशोधनवादी प्रतिक्रियावादीमा बदलिन पुगेका कुरा हामीले देख्दै र भोग्दै आएका छौं। यो कुरा अन्तर ष्ट्रिय र नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासबाट पुष्टि भइसकेको छ। कुनै दिन आ-आफ्नो समयमा बर्नस्टाइन, काउत्स्की, त्रात्स्की, ख्रुस्चोभ, ल्यु, तेङ्ग आदि क्रान्तिकारी नै थिए। तर पछि गएर ती संशोधनवादी हुँदै प्रतिक्रियावादी बन्न पुगे। हिंजोका माले, एमाले र माओवादी भित्रका कैयौं क्रान्तिकारी नेताहरू आज प्रतिक्रियावादी कित्तामा सामेल हुन पुगेका छन्।

यसै सन्दर्भमा पूर्व एमाले तथा माओवादी केन्द्र सम्मिलित नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का नाममा २०७४ साल चैतमा तयार पारिएको राजनीतिक प्रतिवेदनमा उल्लिखित उनीहरूका मूल राजनीतिक मान्यता,दृष्टिकोण, कार्यक्रम, नीति तथा कार्यदिशाबारे केही चर्चा गर्न जरुरी छ।

उनीहरूले आफ्नो राजनीतिक प्रतिवेदनमा पुँजीवादी जनवादी क्रान्ति प्रक्रिया, सारतत्व र चरित्र सबै हिसाबले आधारभूत रूपमा सम्पन्न भएको कुरा बताएका छन्। प्रतिवेदनमा भनिएको छ," सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको मौलिक एवम् विशिष्ट प्रक्रियाबाट नेपाली पुँजीवादी जनवादी क्रान्ति आधारभूत रूपले सन्पन्न भएको छ।" प्रतिवेदनमा अगाडि भनिएको छ- "कम्युनिस्ट तथा वामपन्थी शक्तिहरूको नेतृत्वदायी भूमिकामा सम्पन्न भएकोले नेपाली पुजीवादी जनवादी क्रान्ति परम्परागत संसदीय गणतन्त्र वा औपचारिक राजनीतिक लोकतन्त्रमा मात्र सीमित छैन। यो समाजवाद उन्मुख जनताको जनवादका रूपमा स्थापित भएको छ।" यी भ्रमपूर्ण शब्दजाल भन्दा अरु केही होइनन्।

के नेपालमा साँच्चै पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भई जनताको जनवाद स्थापित भएको छ त ? दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्त वर्गको राज्यसत्ता र उनीहरूकै पुरानो राज्यमशिनरीलाई यथावतै कायम राखेर, लोकतान्त्रिक गणतन्त्रमा आधारित पुरानै संसदीय व्यवस्थालाई शिरोधार्य गरेर र नेपाल जस्तो अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक मुलुकमा साम्राज्यवादी तथा विस्तारवादी हस्तक्षेप तथा प्रभुत्वलाई यथावत् स्विकारेर यहाँ पुँजीवादी जनवादी क्रान्ति पुरा भई जनताको जनवाद स्थापित भएको कदापि ठहर्दैन। त्यस्तै, उनीहरू के तर्क पनि गर्दछन् भने कम्युनिस्ट वा वाम नेतृत्व रहेकोले उक्त क्रान्ति सम्पन्न भएको हो। के कम्युनिस्ट विचारधाराको परित्याग गरी प्रतिक्रियावादी वर्ग, राज्यसत्ता र व्यवस्थाको रक्षाकवच बनेका तत्वहरू कम्युनिस्ट वा वाम हुन सक्तछन् ? कदापि सक्तैनन्।

संविधानमा समाजवाद राखिएकोमा उनीहरू निकै फुर्ती गर्दछन्। प्रतिवेदनमा भनिएको छ- "हाम्रो संविधानले समाजवादप्रति प्रतिबद्धता जाहेर गरेको छ, राज्यलाई समाजवादन्मुख राज्यको रूपमा परिभाषित गरेको छ।" आखिर यो समाजवाद कस्तो हो त ? उनीहरू प्रतिवेदनमा भन्दछन्- "यतिबेला त्यो (प्रजातान्त्रिक समाजवाद-ले) नउवदारवादी पुँजीवादको एउटा अंगको रूपमा निकम्मा र अकर्मण्य बनेको छ। हाम्रो समाजवाद त्यस प्रकारको "प्रजातान्त्रिक समाजवाद" होइन। दोस्रो, हाम्रो समाजवाद सोभियत संघ र त्यसलाई अन्धानुकरण गरेर आम रूपमा पूर्व समाजवादी देशहरूमा लागू गरिएको 'सोभियत मोडेल'को समाजवाद पनि होइन। त्यसले कतिपय सकारात्मक पक्ष र योगदानका बाबजुद समाजवादलाई एकदलीय राज्यप्रणाली र निजी सम्पत्तिको औपचारिक उन्मूलन, राष्ट्रियकरण तथा राज्य नियन्त्रित समाजवादी आर्थिक प्रणालीका रूपमा सीमित गरी गलत ढंगले प्रस्तुत गर्ने काम गर्‍यो र अन्ततः त्यो आफैमा अन्तर्निहित कमजोरीका कारण समेतले समाप्त भयो। हामीले निर्माण गर्ने समाजवाद त्यसबाट शिक्षा लिँदै आजको युगका विशेषताहरू समाविष्ट भएको उन्नत समाजवाद हुनेछ। अबको समाजवादमा लोकतन्त्र वा जनवादको अभ्यासलाई कुण्ठित हुन दिइने छैन, बरु सुनिश्चित गरिनेछ।"

त्यो समाजवाद "नवउदारवादी पुँजीवादको एउटा अंगका रूपमा" "प्रजातान्त्रिक समाजवाद" होइन। साथै त्यो "सोभियत मोडेलको समाजवाद" पनि होइन। अनि के हो त ? उनीहरूको भनाइमा त्यो आजका युगका विशेषता समाविष्ट भएको उन्नत समाजवाद हो। यहाँनेर गहिरिएर ध्यान दिनुपर्ने चार वटा कुरा छन्। पहिलो, वैज्ञानिक समाजवादलाई प्रजातान्त्रिक समाजवादबाट अलग्याउने एउटा सारभूत तत्व भनेको सर्वहारावर्गको अधिनायकत्व हो। यदि उनीहरूले चाहेको "उन्नत समाजवाद"मा त्यो सारतत्व छैन भने त्यस प्रकारको समाजवाद नवउदारवादी पुँजीवादको एउटा अंगको रूपमा प्रजातान्त्रिक समाजवाद भन्दा के कति आधारमा भिन्न रहेको छ त ? यसबारे उनीहरूको दस्तावेज मौन छ। दोस्रो, जब "उनीहरू संविधानले समाजवादप्रति प्रतिबद्धता जाहेर गरेको" भनेर भ्रम पैदा गर्दछन्, त्यो बेला उनीहरूले कल्पना गरेको उन्नत समाजवाद अन्तर्गत त्यस संविधानमा सहमत नेका लगायतका दलहरूको प्रजातान्त्रिक समाजवाद पनि पर्ने कुरा प्रष्ट छ। तेस्रो, उनीहरूले प्रतिवेदनमा सोभियत मोडेलको समाजवादलाई "एकदलीय राज्य प्रणाली र निजी सम्पत्तिको औपचारिक उन्मूलन, राष्ट्रियकरण तथा राज्य नियन्त्रित समाजवादी आर्थिक प्रणालीका रूपमा रूपमा सीमित गरी गलत ढंगले प्रस्तुत" भएको भनेर विरोध गर्दछन्। चौथो, उनीहरू भन्दछन्- "समाजवादमा लोकतन्त्र वा जनवादको अभ्यासलाई कुण्ठित हुन दिइने छैन, बरु सुनिश्चित गरिनेछ।" यसरी हेर्दा त्यहाँ एकातिर निर्वर्गीय लोकतन्त्र वा जनवाद वा अमूर्त, विशुद्ध जनवादलाई सुनिश्चित गरिने कुरा बताइएको छ भने अर्कोतिर अन्य समाजवाद र वैज्ञानिक समाजवादका बीच अन्तर गर्ने मूल तत्व- "सर्वहारा अधिनायकत्व"लाई पूरै लत्याइएको छ। यहाँ कुरा त निकै घुमाएर गरिएको छ, तर सारमा उनीहरूले भन्ने गरेको उन्नत समाजवाद नेपाली कांग्रेसले भन्ने गरेको प्रजातान्त्रिक समाजवादभन्दा तात्विक रूपमा भिन्न देखिदैन। दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्तवादी राज्यसत्ता र दलाल तथा नोकरशाही पुँजीवादको जगमा उभिएर र सर्वहारा अधिनायकत्वलाई परित्याग गरेर वैज्ञानिक समाजवादको प्राप्ति पूर्णतः असम्भव छ।

अनि पार्टीको तात्कालिक मूल कार्यदिशा र कार्यभार के हो त ? उनीहरूको प्रतिवेदनमा भनिएको छ- "संविधानको कार्यान्वयन र विकास, शान्तिपूर्ण बहुदलीय प्रतिस्पर्धामार्फत् सरकार निर्माण, राष्ट्रिय स्वाधीनता एवं हितको रक्षा, समाजवादउन्मुख समावेशी लोकतन्त्रको सफल प्रयोग, सामाजिक न्यायसहितको समृद्धि र समाजवादको आधार निर्माण नै हाम्रो मूल राजनीतिक कार्यनीति हो। यो मूल राजनीतिक कार्यनीति तत्कालै फेरबदल हुने सामान्य कार्यनीति होइन।" यहाँ एकातिर पश्चगामी संविधानको कार्यान्वयनमा विशेष जोड दिइएको छ भने अर्कोतिर बल प्रयोगको सार्वभौम सिद्धान्तलाई निषेध गरी शान्तिपूर्ण रूपमा समाजवादको आधार निर्माण गर्ने कुरा बताइएको छ। यहाँ विशेष उल्लेखनीय कुरा के छ भने उनीहरूले यो मूल कार्यदिशा, कार्यभार अर्थात् मूल राजनीतिक कार्यनीतिलाई तत्कालै फेरबदल नहुने बताएका छन्। यी भनाइबाट के स्पष्ट हुन्छ भने उनीहरू न त जनताको जनवादको पक्षमा छन्, न त वैज्ञानिक समाजवादको पक्षमा नै। यसरी हेर्दा उनीहरूले प्रयोग गर्ने "जनताको जनवाद" तथा "समाजवाद" निवर्गीय, विशुद्ध, संसदवादी जनवाद तथा पश्चगामी समाजवाद बाहेक अरु केही होइनन्। यी सबै कुराका आधारमा के स्पष्ट हुन्छ भने उनीहरूले भन्ने गरेको जनताको जनवाद वा समाजवाद विशुद्ध संसदवादी लोकतन्त्र भन्दा अरु केही होइन। विषयको सारतत्वलाई तार्किक कलाबाजीले जति छोप्न खोजे पनि कदापि छोप्न सकिदैन।

साथै, उनीहरूले सो राजनीतिक प्रतिवेदनमा पार्टी एकताका सैद्धान्तिक आधारबारे पनि चर्चा गरेका छन्। त्यसमा, (क) पार्टी एकतासम्बन्धी पूर्व स्वीकृत सहमति तथा घोषणालाई आधार बनाएर जाने, (ख) पथप्रदर्शक सिद्धान्तका रूपमा मार्क्सवाद-लेनिनवाद मात्र राख्ने, (ग) संविधानसभाबाट पारित नेपालको संविधानको रक्षा र प्रयोग गर्ने र (घ) शान्तिपूर्ण प्रतिस्पर्धाको माध्यमबाट सामाजिक, आर्थिक तथा सांस्कृतिक रूपान्तरण गर्ने, विषयमा जोड दिइएको छ। अन्ततः यी सबै तथ्यबाट संशोधनवादको उत्कर्ष पश्चगमन हो भन्ने सत्यको पुरै पुष्टि हुन गएको छ।

***इतिहासको शिक्षा***

द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादका अनुसार हामीले नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासबाट कैयौं महत्वपूर्ण पाठहरू सिक्न सक्तछौं र क्रान्तिलाई अगाडि बढाउनका लागि ती पाठहरूको विशेष महत्व छ। नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासबाट हामीले सिक्नुपर्ने पाठहरू मूलतः यी हुन् :

पहिलो, नेपाली कम्युनिस्ट आन्दोलन पनि अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन जस्तै एकता, संघर्ष, विभाजन तथा संशोधनवाद हुँदै पश्चगमनसम्म पनि र नयाँ आधारमा नयाँ एकता अर्थात् एकीकरण तथा ध्रुवीकरणको प्रक्रिया हुँदै विकसित भएको पाइन्छ। हामीले वाद-विवाद र संवादलाई पनि यसरी नै बुझ्नु पर्दछ।

दोस्रो, यद्यपि कतिपय अवस्थामा कुनै खास नेताहरूका व्यक्तिगत त्रुटी वा सनकका आधारमा फुट भएका उदाहरण पनि पाइन्छन्। तर वस्तुतः र अन्ततः फुटका प्रमुख कारणहरू कसैका व्यक्तिगत त्रुटी वा सनक नभएर विचारधारा तथा राजनीतिमा नै सन्निहित रहेका हुन्छन्। कम्युनिस्ट पार्टीभित्र समाजमा विद्यमान वर्गसंघर्ष प्रतिबिम्बित भएको हुन्छ। कम्युनिस्ट आन्दोलनलाई देशभित्र र बाहिरका प्रतिक्रियावादीहरूले प्रभावित पार्ने र फुटाउने प्रयत्न गर्दै आएका छन्। संशोधनवाद र साम्राज्यवादका बीच बलियो गठबन्धन कायम गरिएको हुन्छ। यसै गठबन्धनको अन्तिम परिणति संशोधनवादको पतन हुन पुग्दछ।

तेस्रो, कम्युनिस्ट आन्दोलन अन्तर्राष्टिय परिघटना हो र त्यसको सकारात्मक तथा नकारात्मक प्रभाव नेपाली कम्युनिस्ट आन्दोलनमा पनि पर्दै आएका छ। एकातिर पेरिस कम्युन, रूसी अक्टोबर समाजवादी क्रान्ति, चिनियाँ नयाँ जनवादी तथा महान् सर्वहारा सांस्कृतिक क्रान्तिलगायतका सकारात्मक प्रभावबाट नेपाली कम्युनिस्ट आन्दोलन ऊर्जाशील बन्दै आएको छ भने अर्कोतिर समाजवादी देशहरूमा भएका प्रतिक्रान्ति र त्यहाँका संशोधनवादी पार्टीहरूको नकारात्मक प्रभावबाट पनि नेपालमा संशोधनवाद र फुटका श्रृङ्खला बढ्दै आएका छन्।

चौथो, नेपाली कम्युनिस्ट आन्दोलनको इतिहास द्वन्द्ववादले भरपुर रहेको छ। यो इतिहास गति र परिवर्तन, गतिको बक्रता र जटिलता, ठुलोको सानो र सानोको ठुलोमा परिवर्तन सहित अनेकौं आरोह–अवरोहका बीचबाट विकसित हुँदै आएको छ। यस क्रममा कैयौं क्रान्तिकारी कम्युनिस्टहरू एउटा खास समयमा संशोधनवादीहरूको भ्रमजालमा फसे पनि अर्को खास समयमा क्रान्तिकारी धारामा एकताबद्ध हुने गरेका पनि छन्। तसर्थ, सच्चा कम्युनिस्टहरू जतिसुकै अप्ठेरा, जटिल र संगीन परिस्थितिमा पनि निराश, हताश र चिन्तित हुनु हुँदैन। मार्क्सवाद र संशोधनवादका बीचको संघर्ष समाजमा विद्यमान वर्गसंघर्ष जस्तै दीर्घकालीन हुन्छ। सच्चा मार्क्सवादीहरू यस प्रकारको दीर्घकालीन संघर्षका लागि तयार भएर बस्नु पर्दछ।

पाँचौं, क्रान्तिकारी कम्युनिस्टहरू श्रद्धावाद र शङ्कावादबाट मुक्त हुनु पर्दछ। श्रद्धावादी भएमा गलत नेतृत्वले फाइदा उठाउने र शङ्कावादी भएमा सही नेतृत्वप्रति पनि आशङ्का गर्ने स्थिति पैदा हुन्छ। श्रद्धावाद सामन्तवाद र शङ्कावाद पुँजीवादसित जोडिएका छन्। क्रान्तिकारीहरूले विश्वास र शंकाको द्वन्द्ववादलाई राम्रोसँग बुझ्नु पर्दछ।

***आजको अवस्था र हाम्रो दायित्व***

आज विश्वमा र नेपालमा पनि दक्षिणपन्थी संशोधनवादको खतरा भयानक बन्न गएको छ। क्रान्तिकारी सिद्धान्त, क्रान्तिकारी कार्यदिशा र क्रान्तिकारी कम्युनिस्ट पार्टीको अस्तित्वमाथि चौतर्फी हमला हुँदै आइरहेको छ। आज सिद्धान्त, क्रान्ति र मुक्तिको कुरा प्रतिगामी तथा यथास्थितिवादी शक्ति एवम् वर्गका लागि मात्र होइन आफूलाई परिवर्तनकामी र कम्युनिस्ट बताउनेहरूका लागि समेत अपाच्य बन्न पुगेको छ।

यो बेला सिर्जनशीलता, मौलिकता तथा नवीनताको नाममा क्रान्तिकारी सिद्धान्त, क्रान्तिकारी आन्दोलन र क्रान्तिकारी कम्युनिस्ट पार्टीलाई समाप्त पार्ने र अवसरवाद, सुधारवाद , यथास्थितिवाद र पश्चगमनलाई महिमामण्डित गर्ने अभियानलाई अत्यन्तै तिब्र तुल्याइएको छ। अहिले सच्चा क्रान्तिकारीहरूमाथि जडसूत्रवाद र अराजकतावादका बिल्ला भिराउने तिव्रता आइरहेको छ। यो बेला हामी क्रान्ति र मुक्तिको प्रश्नमा गम्भीर बन्न जरुरी छ।

सच्चा कम्युनिस्टहरूले क्रान्ति तथा मुक्तिको सपना देख्छन् र देख्नु पर्दछ। उनीहरूका लागि यस्तो सपना नयाँ जनवाद, समाजवाद र साम्यवादको महान् उद्देश्य तथा उदात्त आदर्श प्राप्तिको सपना हो। जब कम्युनिस्टहरू यस प्रकारको आदर्शबाट विचलित हुन पुग्दछन् त्यो बेला उनीहरूले क्रान्ति र मुक्तिको सपना देख्न छोड्दछन् र प्रतिक्रियावादी शिबिरमा लामबद्ध हुन पुग्दछन्। यो यथार्थ हामीले देख्दै र भोग्दै आएका छौं। हामीले यस प्रकारको संशोधनवादी विचलन तथा पश्चगमनको दृढतापूर्वक विरोध गर्नु पर्दछ।

क्रान्तिलाई सफल तुल्याउनका लागि प्रतिक्रियावादका विरुद्ध संघर्ष चलाउनु मात्र पर्याप्त हुन्न, अपितु प्रतिक्रियावादको रक्षाकवच बनेर प्रस्तुत हुने अवसरवादका विरुद्ध पनि दृढतापूर्वक वैचारिक संघर्ष चलाउन आवश्यक हुन्छ। तसर्थ, हामीले प्रतिक्रियावाद र अवसरवादसँग जुध्दै क्रान्ति र मुक्तिको सपनालाई साकार तुल्याउनका लागि निम्न विषयहरूमा विशेष ध्यानदिन आवश्यक छ :

पहिलोः पथप्रदर्शक सिद्धान्त। क्रान्तिलाई सही ढंगले अगाडि बढाउनका लागि सर्वप्रथम पथप्रदर्शक सिद्धान्तको आवश्यकता पर्दछ। सिद्धान्त एउटै अवस्थामा स्थिर रहन सक्तैन र वस्तुगत संसारको विकाससित सिद्धान्तको पनि विकास हुँदै जान्छ। ठीक त्यसैकारण विश्व सर्वहारावर्गको सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवाद विकसित भएको हो। आज त्यसलाई हामीले राम्रोसित आत्मसात् गर्नु पर्दछ।

सिद्धान्तको चर्चा गर्दा कुन कुरामाथि पनि ध्यान दिनु पर्दछ भने त्यसलाई मानेर र त्यसको नाम जपेर मात्र हुँदैन। क्रान्तिका लागि क्रान्तिकारी सिद्धान्तको रक्षा, प्रयोग र विकास गर्न आवश्यक हुन्छ। यससन्दर्भमा दार्शनिक फाँटमा अनुभववाद, सारसंग्रहवाद तथा जडसूत्रवाद र राजनीतिक फाँटमा दक्षिणपन्थी, मध्यपन्थी तथा उग्रवामपन्थी अवसरवादका विरुद्ध दृढतापूर्वक संघर्ष चलाउन जरुरी छ। यो बेला दक्षिणपन्थी संशोधनवाद नै क्रान्तिका लागि प्रमुख खतरा हो।

दोस्रोः राजनीतिक कार्यदिशा। क्रान्तिकारी कम्युनिस्टहरूले ध्यानदिनु पर्ने अर्को महत्वपूर्ण पक्ष भनेको वैज्ञानिक राजनीतिक कार्यदिशा हो। नेपाल जस्तो अर्द्ध-सामन्ती, अर्द्धऔपनिवेशिक एवम् नवऔपनिवेशिक मुलुकका लागि नयाँ जनवादी गणतन्त्रको कार्यदिशा नै सही राजनीतिक कार्यदिशा हो। नयाँ जनवादी क्रान्तिको कार्यदिशाको सारतत्व भनेको सर्वहारावर्गको नेतृत्वमा सामन्तवाद र साम्राज्यवाद/विस्तारवादका विरुद्ध आम जनसमुदायलाई गोलबन्द गरी नेपालमा नयाँ जनवादी गणतन्त्रको स्थापना गर्नु हो। नयाँ जनवाद वैज्ञानिक समाजवादकै अभिन्न अङ्ग हो। नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर मात्रै हामी समाजवाद र साम्यवादको दिशामा अगाडि बढ्न सक्तछौं।

तेस्रोः सामरिक कार्यदिशा। क्रान्तिका लागि बलप्रयोग अनिवार्य रूपमा आवश्यक हुन्छ। त्यसका विभिन्न रूप हुने गर्दछन् र हामी कुनैपनि रूपमा सीमित रहनु हुँदैन। समाजमा विज्ञान र प्रविधिको विकाससितै सशस्त्र सङ्घर्षका रूपहरूमा पनि विकास हुँदै जान्छ। इतिहासमा सशस्त्र संघर्षका मूलतः दुई प्रकारका रूप देखिने गरेका छन्, ती हुन्- जनविद्रोह र दीर्घकालीन जनयुद्ध। अहिलेको स्थितिमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नका लागि विगतमा सञ्चालित जनआन्दोलन, सशस्त्र संघर्ष र मूलतः जनयुद्धका अनुभवहरूको जगमा आधारित नेपाली विशिष्टताले युक्त जनविद्रोहको बाटो नै उपयुक्त देखिन आउँछ।

चौथोः सांगठनिक पक्ष। क्रान्तिका लागि क्रान्तिकारी सिद्धान्त र राजनीतिक तथा सामरिक कार्यदिशा मात्र भएर हुँदैन, क्रान्तिकारी संगठन अर्थात् क्रान्तिकारी कम्युनिस्ट पार्टीको पनि आवश्यकता पर्दछ। कम्युनिस्ट पार्टीको संगठन संचालनका लागि जनवादी केन्द्रीयताको सिद्धान्त, आत्मालोचना-आलोचनाको पद्धति, द्वन्द्वात्मक भौतिकवादी कार्यशैली, दुई लाइन संघर्ष सञ्चालनका वैज्ञानिक विधि, सही नेतृत्वप्रणाली तथा सामूहिक नेतृत्वको स्थापना जस्ता कुराहरूमाथि विशेष ध्यानदिनु पर्ने हुन्छ। कम्युनिस्ट पार्टी विपरीतहरूको एकत्व हो र यसअर्थमा पार्टीको विकास एकता-संघर्ष र रूपान्तरणका बीचबाट हुन्छ।

***निष्कर्ष***

आज नेपाली कम्युनिस्ट आन्दोलन इतिहासको एउटा नयाँ तथा विशिष्ट मोडमा उभिएको छ। यो बेला हामीले एकातिर नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा मार्क्सवाद र संशोधनवादका बीचमा चल्दै आएको विचारधारात्मक तथा राजनीतिक संघर्षलाई राम्रोसित आत्मसात् गरी त्यसबाट आवश्यक शिक्षा लिन जरूरी छ भने अर्कोतिर वर्तमान सन्दर्भमा नेपाली क्रान्तिलाई अगाडि बढाउनका लागि विचारधारात्मक, राजनीतिक तथा सांगठनिक क्षेत्रका काममा नयाँ परिस्थिति र आवश्यकता अनुसार नयाँ ढङ्गले अझै दृढ सङ्कल्प, साहस तथा प्रतिबद्धताका साथ निरन्तर खटिरहनु आवश्यक छ। नेपाली क्रान्तिको इतिहासले आज सबै सच्चा कम्युनिस्ट क्रान्तिकारीहरूसित पुनःऊर्जाशील तथा एकताबद्ध भएर अगाडि बढ्न जोडदार माग गरेको छ।

नेपाली कम्युनिस्ट आन्दोलनको इतिहास मार्क्सवाद र संशोधनवादका बीचको भीषण दुई लाइन संघर्षको इतिहास हो। यस संघर्षमा कहिले मार्क्सवाद र कहिले संशोधनवाद बलियो हुने गरेका छन्। आज रूप तथा सङ्ख्यामा बलियो देखिने दक्षिणपन्थी संशोधनवाद मात्र संशोधनवाद नभएर वस्तुतः नवप्रतिक्रियावाद नै हो। यद्यपि त्यसले मार्क्सवादी पोशाक र आभूषणमा सजिएर दुनियाँदारलाई झिलिमिलि देखाई दिग्भ्रमित पार्ने कोशिस गरिरहेको छ, परन्तु त्यो अस्थायी कुरा हो। संशोधनवादले जनताका नजरमा नवप्रतिक्रियावादका रूपमा छर्लङ्गै देखिनु वा नाङ्गिनु अनिवार्य छ। यसै क्रममा भीषण चुनौती र अनेकौं जटिलताहरूको सामना गर्दै मार्क्सवाद महान् सम्भावनाका बीचबाट देश र श्रमिक जनसमुदायको मुक्तिका लागि क्रान्तिको मैदानमा पुनः सशक्त रूपमा प्रस्तुत हुनु पनि अनिवार्य नै छ। विश्व तथा नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासको द्वन्द्ववादले हामीलाई यही कुरा बताउँछ।

*(प्रस्तुत सामग्री मोहन वैद्य'किरण'द्वारा लिखित 'संशोधनवाद र पश्चगमन' पुस्तकबाट लिइएको हो।)*

# बाग्लुङ जैमिनी नपाका दर्जनौं युवाहरू देशभक्त जनगणतान्त्रिक मोर्चामा प्रवेश



बाग्लुङ । बाग्लुङ जैमिनी नगरपालिका १ कुश्मीसेराका दर्जनौं युवाहरू नेकपा (क्रान्तिकारी माओवादी)को क्रान्तिकारी संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालमा प्रवेश गरेका छन् । एक कार्यक्रमका बीच उनीहरू मोर्चामा प्रवेश गरेको मोर्चाका ४ नं. प्रदेश सदस्य तथा क्रान्तिकारी युवा लिग, नेपालका केन्द्रीय सचिवालय सदस्य विक्रम थापाले जानकारी दिए ।

थापाका अनुसार शुक्रबार जैमिनी नपा-१ कुश्मीसेराका १७ जना युवाहरू देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालमा प्रवेश गरेका छन् । थापाको प्रमुख आतिथ्यतामा भएको एक कार्यक्रमका बीच मोर्चामा प्रवेश गरेका युवाहरूलाई मोर्चाको स्थानीय कमिटिमा आवद्ध गरिएको छ । मोर्चामा प्रवेश गरेका युवा विवश थापाको नेतृत्वमा १७ सदस्यीय कमिटि निर्माण गरिएको छ । जसमा उपाध्यक्ष दिल बहादुर थापा, सचिव सुरेश थापा, सह-सचिव गुमानसिंह थापा, कोषाध्यक्ष सुनिल थापा र सदस्यहरूमा पुर्ण थापा, अर्जुन नेपाली, सरिता थापा, सलिना थापा, संदिप थापा, अमृत थापा, मधु थापा, अशोक थापा, दिपक थापा, सुबाश थापा, जीवन थापा लगायत रहेका छन् ।

कार्यक्रममा मोर्चाका बाग्लुङ सदस्य कुमार थापा, थम्मन श्रीस लगायतका जिल्ला नेताहरूको समेत उपस्थिति रहेको थियो ।

# क्रान्तिकारी मजदुरहरूको १० बुँदे प्रतिबद्धता

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघले १० बुँदे प्रतिबद्धता प्रस्तत गरेका छन् । महासंघको हालै बैठकबाट १० बुँदे प्रतिबद्धता जाहेर गरेका हुन् ।

यस्ता छन् १० बुँदे प्रतिबद्धता :

१. मार्क्सवाद-लेनिनवाद-माओवादका आधारभुत सिद्धान्तले लैस (सुसज्जित) हुँदै त्यसको उज्यालो प्रकाशमा अगाडि बढ्ने प्रतिवद्धता ।

२. संगठनात्मक अनुशासन, जनवादी केन्द्रियताको अधारभूत पद्धती र संगठनिक विधि र नियम प्रति प्रतिबद्धता ।

३. तथ्यका आधारमा सत्य पत्ता लगाउने नीतिको अनुशरण गर्दै वैज्ञानिक विधि पद्धतीका आधारमा चल्ने प्रतिवद्धता ।

४. संगठनात्मक अनुशासन, गोपनियता र सांगठनिक अखण्ड एकताप्रतिको प्रतिवद्धता ।

५. विचारप्रति दृढ र व्यवहारिक रूपले लचक रहने तथा मजदुरहरूसँग नङ-मासुको सम्बन्ध कायम गर्ने प्रतिवद्धता ।

६. तोकिएको कार्यक्षेत्रप्रति परिणाममुखी उत्तरदायित्व निर्वाह गर्ने प्रतिवद्धता ।

७. ऐतिहासिक भौतिकवाद, वैज्ञानिक समाजवाद र राजनैतीक अर्थशास्त्र तथा राष्ट्रिय-अन्राष्ट्रिय मजदुर आन्दोलन बारे अध्ययन छलफल गर्ने प्रतिवद्धता ।

८. क्रान्तिकारी मजदुर आन्दोलनको कुशलतापुर्वक नेतृत्वको भूमिका निर्वाह गर्ने र सो अनुकुलको नेतृत्व क्षमता विकास गर्ने प्रतिवद्धता

९. ढिलाढाला र भद्धा कार्यशैलिको विरुद्ध आफुलाई उभ्याउदै चूस्त र फुर्तिलो कार्यशैलीको विकाश गर्ने प्रतिवद्धता ।

१०. मार्क्सवाद पक्ड, संशोधनवाद होइन/सिधा खुल्ला स्पष्ट होउ, छलछाम र षड्यन्त्र नगर/एकतावद्ध होउ, नफूट/कमरेड माओका तीन गर र तीन नगर भन्ने नियमलाई जीवन व्यवहारमा लागु गर्ने प्रतिवद्धता ।

यसैबीच, साउन १२ र १३ गते महासंघका अध्यक्ष इश्वर तिमिल्सिनाको अध्यक्षतामा बसेको बैठकले नयाँ र साविक कार्यविभाजन अनुसारका विभिन्न पेशागत संघहरू तथा सबै प्रदेशको बैठक आगामी भाद्र महिना भित्र बसी कार्य योजना अगाडि बढाउने, केन्द्रीय संरचना खडा भई नियमित कार्य सुचारु भइरहेका संघहरूको विकास र विस्तार गर्दै जल्ला, नगर र इकाइसम्म विस्तार गर्ने, पेशागत संघहरूको सदस्यता वितरणलाई अभियानको रूपमा अगाडि बढाउने निर्णय गरेको छ । बैठकले महासंघ केन्द्र र सम्भव र आवश्यक भएका पेशागत संघहरूले माग पत्र र पर्चा प्रकाशित गरी वितरण गर्ने निर्णय समेत गरेको छ ।

# वृद्धि गरिएको शुल्क फिर्ता गर्न अखिल (क्रान्तिकारी)को माग

काठमाडौं । अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेलले एक वक्तव्य जारी गरी उच्च मावि,सिटिइभिटी लगायतका क्याम्पसहरूमा गरिएको शुल्क वृद्धि फिर्ता लिन माग गरेका छन् । हाल निजी शैक्षिक संस्थाहरूले कक्षा ११ र १२ मा मनपरि ढंगले शुल्क असुल्ने गरेको अवस्थाले संगठनलाई गम्भीर तुल्याएको भन्दै विद्यार्थीहरूसँग असुल गरिएको रकम तत्काल फिर्ता गरी आम जनताको आम्दानी समेतलाई दृष्टिगत गरी वैज्ञानिक शुल्क निर्धारणको लागि वक्तव्यमा जोडादार आग्रह गरिएको छ ।

वक्तव्यमा भनिएको छ, "सरकारले १ देखि ८ सम्म आधारभूत शिक्षा, ९ देखि १२ माध्यमिक शिक्षाको रूपमा कार्यान्वयन गरिसकेको अवस्थामा १ देखि १० कक्षासम्मको शुल्क तोकिए पनि ११ र १२ को शुल्क नतोकिनुले सरकार गैह्र जिम्मवार रहेको कुरा प्रष्ट हुन्छ । त्यसकारण ११ र १२ को शुल्क तत्काल निर्धारण गरियोस् । १० प्रतिशत छात्रवृत्तिलाई समेत पारदर्शी बनाइएको छैन । यसलाई बढाएर २५ प्रतिशत बनाइयोस् भन्ने जोडदार माग समेत गर्दछौं । १ प्रतिशत न्यूनतम विदेशी विद्यार्थीहरू अध्ययन गरेको खण्डमा इन्टरनेशनल नाम राख्न पाउने भए पनि फेसनको रूपमा इन्टर नेसनल नाम राखिएकोले तत्काल हटाउनको लागि जोडदार माग गर्दछौं । चोक-चोकमा अनावश्यक प्रतिस्पर्धात्मक रूपमा होर्डिङबोर्डहरू राख्ने कार्यलाई पनि बन्द गराउनको लागि माग गर्दछौं । साथै, विगतमा हाम्रो संगठनसँग गरिएको १३ बुँदे सम्झौतालाई अक्षरशः कार्यान्वयनको लागि समेत जोडदार माग गर्दछौं । सी.टी.ई.भी.टी., इन्जिनियरिङ र मेडिकल शिक्षामा निजी कलेजहरूले अत्यन्तै मनोमानी ढंगले चर्को शुल्क असुल गरिरहेका छन् । विद्यार्थीहरूसँग असुल गरिएको रकम तत्काल फिर्ता गरी आम जनताको आम्दानी समेतलाई दृष्टिगत गरी वैज्ञानिक शुल्क निर्धारणको लागि जोडादार आग्रह समेत गर्दछौं । साथै हरेक निकायका सम्बन्धित तहमा छात्रवृत्तिलाई पारदर्शी गर्न समेत अपिल गर्न चाहन्छौं । त्यस्तै विश्वविद्यालयहरूमा राजनीतिक भागवण्डाको आधारमा पदाधिकारी नियुक्त गर्ने परिपाटीको पूर्ण रूपमा अन्त्य गरी खुला प्रतिस्पर्धाबाट नियुक्त गर्ने प्रणाली अवलम्बन गर्नसमेत सम्बन्धित पक्षसँग हाम्रो संगठन जोडदार अपिल गर्दछ ।"

# काभ्रेमा अनेमसंघ (क्रान्तिकारी)को जिल्ला भेला सम्पन्न



बनेपा । अनेमसंघ (क्रान्तिकारी) काभ्रेको भेला शनिबार बनेपामा सम्पन्न भएको छ । भेलाले तेलीमाया थिङको नेतृत्वमा ११ सदस्यीय जिल्ला कमिटि निर्माण गरिएको छ । भेलाले संगठनको उपाध्यक्षमा अस्मिता स्याङतान, सचिवमा लक्ष्मी लामा, सहसचिवमा कृष्ण माझी र कोषाध्यक्षमा सिर्जना तामाङलाई चयन गरेको छ । भेलाले सदस्यहरूमा निर्मला घिसिङ, जुनुमाया थिङ, समिक्षा गौतम, सिर्जना गौतम, फुलमायागौतम लगायतलाई चयन गरेको छ ।

संगठनकी केन्द्रीय महासचिव शारदा महतको प्रमुख आतिथ्यतामा सम्पन्न भएको भेलामा पार्टी केस कान्छाराम तामाङ, क्रान्तिकारी माओवादीका जिल्ला इन्चार्ज सोमानसिंह तामाङ, संगठनकी ३ नं. प्रदेशकी सचिव धनमाया निरौला, अखिल (क्रान्तिकारी)की उपाध्यक्ष शिलु न्यौपानेलगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

# भारतीय माओवादीको बारुदी विष्फोटमा सिआरपिएफ जवान मारिए




भारतीय माओवादीको बारुदी विष्फोटमा परी भारतीय सिआरपिएफका एकजना जवानको घटनास्थलमा नै मृत्यु भएको छ । समाचार स्रोतका अनुसार भारतको छत्तिसगढ राज्यको बस्तर जिल्लामा बुधबार भएको बारुदी विष्फोटमा परी सिआरपिएफ जवानको मृत्यु भएको हो । मृत्यु हुनेमा बिहार राज्यको नालन्दा जिल्ला निवासी रौसन कुमार रहेका छन् । बारुदी विष्फोट विहान ६ बजेको समयमा गस्तीबाट फर्कदै गरेको टोलीलाई लक्षित गरी सिआरपिएफको १९ औं बटालियन क्याम्पको नजिकै पुस्पलमा भएको थियो । समाचार स्रोतका अनुसार मंगलबार राती सिआरपिएफले बस्तर र दन्तेवडा जिल्लाको सीमा क्षेत्रमा पर्ने जंगलमा भारतीय माओवादीका विरुद्ध अपरेसन चलाएको थियो । लगातारको माओवादी आक्रमणका कारण पुश्पलबाट सिआरपिएफको बटालियन हेटक्वार्टर दन्तेवडा जिल्लाको बर्सुरमा सार्ने तयारी गरिएको छ ।

# पूर्वराजासँग इश्वर पोखरेलको रहस्यमय भेट

काठमाडौं । प्रधानमन्त्री केपी ओली स्वास्थ्य उपचारका लागी केहि दिनका लागि सिंगापुर निस्किएका छन् भने सत्तारुढ पार्टी नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड पनि श्रीमतीको इच्छा पुरा गर्न भन्दै एक हप्ता लामो बसाइका लागि दुवइ गएका छन् । यसै विच पछिल्लो समय पुर्वराजा ज्ञानेन्द्र शाहले आफ्नो सक्रियता अस्वाभाविक रूपमा बढाएका छन् । पूर्वराजा ज्ञानेन्द्रले पछिल्लो समय विभिन्न व्यक्तित्वहरूसँगको भेटघाटलाई व्यापक बनाएका छन् । भारतीय गुप्तचर एजेन्सी रअका प्रमुख नेपाल आएर फर्किएको केहि समय पछि नै नेपाली नेताहरूको चालामाला फेरिँदै गएको छ । रअ प्रमुख फर्किए लगत्तैको सत्तारुढ पार्टीका दुइ अध्यक्ष एकै पटक देश बाहिर जानु र यता पुर्व राजाको अस्वभाविक सक्रियतालाई गम्भीर रहस्यको रूपमा हेरिएको छ । प्रधानमन्त्री ओली सिंगापुर जाने अघिल्लो दिन मात्रै सरकारमा दोस्रो वरियतामा रहेका उपप्रधान तथा रक्षा मन्त्री इश्वर पोखरेलले निर्मल निवास पुगेर सुटुक्क पुर्वराजालाई भेटेर निस्किएका छन् ।

शुक्रबार विहान ८बजेर ३५ मिनेट जाँदा रक्षामन्त्री समेत रहेका





पोखरेलले पूर्वराजासँग रहस्यमय गोप्य भेट गरेका छन् । ओली बाहिर गए लगत्तै कार्यवाहक प्रधानमन्त्री बन्ने पोखरेलको पूर्वराजासँगको भेटलाई रहस्यमय रूपमा हेरिएको छ । पोखरेलको पूवराजको भेटलाई गोप्य राखिएको छ । प्रधानमन्त्री ओलीकै डिजाइनमा पोखरेलले पूर्वराजालाई भेटेको पनि चर्चा चलेको छ । ओली सिंगापुर बस्दा ज्ञानेन्द्रको पनि ट्रान्जीट सिंगापुर पर्ने चर्चा छ । राजवादीहरूको अस्वाभाविक सक्रियता बढिरहेका बेला सरकारका जिम्मेवार मन्त्रीले लम्पसार परेर पूर्वराजालाई भेट्नुलाई निकै रहस्यमय रूपमा हेरिएको छ । पछिल्लो समय पूर्वराजा शाहले डा सुरेन्द्र केसी, सुरेन्द्र भण्डारी लागायतका व्यक्तिहरूसँग पनि भेट गरेका छन् ।

यही बीचमा भारतीय गुप्तचर संस्था रअ का प्रमुख सामन्त गोयलको पशुपति दर्शन भनिएको नेपाल भ्रमणमा उच्चपदस्थसँगको भेटवार्ता अनि हिन्दु राज्य रुचाउने भारतको वर्तमान सरकारसँग ज्ञानेन्द्रको हिमचिम छ । उनले भारतको उत्तरप्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथसँग पनि भेटवार्ता गरेका थिए । विस्तारै चाकडीमा बस्नेहरूको तर पन्छाएर शाहले बौद्धिक व्यक्तिहरूसँगको भेटवार्तासँगै सरकारकै व्यक्तिहरूको भेटवार्ता बढ्नुले भित्र केही न केही पाक्दै त छैन रु प्रश्न उब्जिएको छ ।

यसैबीच, यता नेपाली कांग्रेसका नेताहरू भने भारतीय दुतावास छिरेका छन् । मंगलबार प्रचण्ड दुवई उडेलगत्तै कांग्रेस नेताहरू साँझ दुतावास छिरेका थिए । नेपाली कांग्रेसका महामन्त्री डा. शशांक कोइराला, कोषाध्यक्ष सीतादेवी यादव, नेतृ सुजाता कोइराला, नेता डा. मिनेन्द्र रिजाल लगायतका नेताहरू भारतीय दुतावास पुगेर पछिल्लो समसामयिक राजनीतिबारे छलफल गरेका हुन् ।

भारतीय दुतावासले मंगलबार साँझ कांग्रेस नेताहरूको सम्मानमा रात्रीभोजसमेत दिएको थियो । पछिल्ला दिनमा संसद्या बढ्दो विरोध र सरकारको कामकारबाहीलाई लिएर जनअसन्तुष्टि चुलिँदै गएको सन्दर्भमा भएको भेटवार्तालाई अर्थपूर्ण रूपमा हेरिएको छ । कांग्रेस नेताहरूका लागि दुतावासले रात्रिभोज दिएको भेटमा सहभागी एक नेताले जानकारी दिनुभयो । नेपाल आजसँग भएको टेलिफोन कुराकानीमा उनले भने -"त्यस्तो केही होइन, कसरी थाहा पाउनुभयो र ?" तर भेटमा के कुराकानी भयो भन्नेबारे उनले भने -"हैन हैन त्यस्तो ठूलो कुरा केही भएन । रात्री भोज खान गएका थियौं । अब भेटपछि केही छलफल त भैहाल्छ नि" । भेटमा नेपालका लागि भारतीय राजदूत मञ्जिवसिंह पुरीले सबैसँग छलफल गरेका थिए । कांग्रेसभित्र शेरबहादुर देउवाको नेतृत्वको केन्द्रीय कार्यसमितिको कार्यकाल यही फागुनमा सकिँदैछ । कांग्रेसको आगामी अधिवेशनबाट नेतृत्वमा कोइराला खेमा नै आउने गरी नेतृ सुजाता कोइराला, महामन्त्री डा. शशांक कोइराला, नेता शेखर कोइराला लगायत लबिङमा लागिसकेका छन् ।

# सिंगापुरका गोर्खा पुलिसहरू बिगेसोमा संगठित हुँदै

# काठमाडौंमा गरियो वृहत् अन्तरक्रिया



सन् १९४७ को गोरखा भर्तीसम्बन्धी असमान त्रिपक्षीय सम्झौता खारेजीका लागि जोडदार रूपमा आवाज उठाउँदै आएको बिगेसोमा भूतपूर्व गोरखा सैनिक तथा पुलिसहरू संगठित हुने क्रम दिनदिनै बढ्दै गएको छ । सिंगापुर गोरखा पुलिसहरू आफूहरूले पाउँदै आएको सेवा सुविधा वृद्धि गर्नुपर्ने, विभेदहरूको अन्त्य गरिनु पर्ने लगायतका १२ बुँदे माग राखेर आवाज उठाउँदै आएका छन् र उनीहरू आफ्ना सबै अधिकार प्राप्तिका लागि गोरखा सैनिक तथा पुलिसहरू एकताबद्ध भएर अगाडि बढ्नुपर्ने भन्दै बिगेसोमा संगठित हुन आइपुगेका छन् । संगठित भएका सिंगापुरे गोरखा पुलिसहरूले शनिबार ललितपुरको चुम्लुङ भवनमा एक वृहत् अन्तर्क्रिया कार्यक्रम समेतको आयोजना गरे । बिगेसो सिंगापुर विभागले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका महासचिव परि थापा, अखिल नेपाल जनजाति महासंघका अध्यक्ष प्रा.डा. ओम गुरुङ, परराष्ट्रविद हिरण्यलाल श्रेष्ठ, जनजाति महासंघका महासचिव नगेन्द्र राई, अधिवक्ता फडिन्द्र कार्कीलगायतको अतिथिको रूपमा उपस्थिति थियो । कार्यक्रम बिगेसोका अध्यक्ष पदमसुन्दर लिम्बूको अध्यक्षतामा भएको थियो ।

कार्यक्रममा बिगेसो सिंगापुर विभागका उपाध्यक्ष कुमार राईले सिंगापुर गोरखा पुलिस परिवारले भोग्नुपरेका १२ वटा समस्याहरूको बारेमा चर्चा गरेका थिए । पहिचान, पेन्सन वृद्धि, शिक्षा, स्वास्थ्य लगायत आधारभूत आवश्यकताको परिपूर्ति, पिआर, रोजगारी, घाइते अपाङ्गको व्यवस्थापन लगायतका विषयहरू बारम्बार उठाउँदै आएको र त्यो विषयमा नेपाल सरकार र बेलायत सरकारसँग कुरा गर्न, आन्दोलन गर्न तथा मागहरू पूरा गराउनका लागि बिगेसोबाहेक अन्य संगठनबाट सम्भव नदेखिएकोले सिंगापुरमा कार्यरत गोरखा पुलिसहरू बिगेसोमा संगठित हुनुपर्ने बताए ।

बिगेसोले भूतपूर्व गोर्खा र गोर्खा सैनिक परिवारका हक, अधिकारका निम्ति बेलायतमा र नेपालमा कानुनी लडाइँ र अन्य मुलुकहरूमा समेत संघर्षका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । उसले सन् १९४७ को त्रिपक्षीय गोर्खा भर्ती सन्धि सम्झौतालाई औचित्यहीन, असमान र विभेदकारी बताउँदै गोर्खा भर्तीकेन्द्रले गोर्खा जनसमुदायका निम्ति मन्दविषको रूपमा काम गरिरहेकोले यसको अविलम्ब खारेजी गरिनु पर्ने विषयलाई जोडदार रूपमा उठाउँदै आएको छ । र, यो विभेदकारी सन्धि खारेजीका निम्ति तमाम प्रमाणहरूसहित बिगेसोले नेपालको सर्वोच्च अदालतमा मुद्दा समेत दायर गरिसकेको छ । यो सन्धिले नेपालको सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता, स्वाधीनतामाथि हस्तक्षेप गर्दै २१ औं शताब्दीमा पनि कुनै न कुनै रूपमा गोर्खाहरूलाई दास बनाउने र भाडाका सिपाहीको रूपमा प्रयोग गर्ने गर्ने गरेको, गोर्खाहरूलाई तेस्रो दर्जाको नागरिकको व्यवहार गरिनु, तलब, पेन्सन, सेवा सुविधामा विभेद गर्नु, खास खास युद्धको समाप्तिपछि सेवाबाट बीचैमा निकाली रित्तैं हात घर फर्काउनु, नेपालले आफ्ना अवकास प्राप्त ब्रिटिश गोर्खालाई बेलायत तथा अन्य मुलुकमा बसोबास गरेको भन्दै नागरिकताबाट बञ्चित गराई राज्यविहिनताको स्थितिमा पुऱ्याउनु, गोर्खाहरूको जतिसुकै क्षमता भएपनि मेजरभन्दा माथि जान नदिनु, विभिन्न बहानामा नेपालका असल छिमेकीका विरुद्ध गोर्खालाई प्रयोग गर्ने गरेको भन्दै गोर्खा भर्तिकेन्द्र बन्द गरिनुपर्ने माग बिगेसोले गर्दै आएको छ ।

अन्तर्क्रिया कार्यक्रममा बिगेसोका अध्यक्ष लिम्बूले गोर्खाहरू नेपालको राष्ट्रिय स्वाधीनताप्रति निकै नै संवेदनशील रहेको भन्दै गोर्खाहरूको आत्मसम्मान र राष्ट्रिय स्वाभिमानमा ठेस पुऱ्याउने काम भइरहेको हुनाले त्रिपक्षीय सन्धि खारेज गर्नुपर्ने र गोर्खाभर्तिकेन्द्र अविलम्ब खारेज गरिनुपर्ने बताए । बिगेसो विश्वभर छरिएर रहेका सबै गोर्खा सैनिकहरूको हक र अधिकारका निम्ति लड्ने साझा संगठन भएकोले सबै विभेद, उपेक्षा र उत्पीडनमा परेका र पारिएका गोर्खा सैनिकहरूलाई बिगेसोमा संगठित भई बृहत् संघर्षको उठानमा लाग्न आव्हान समेत गरे ।

त्यसैगरी अतिथिहरू परि थापा, प्रा.डा. ओम गुरुङ, हिरण्यलाल श्रेष्ठ, नगेन्द्र राई, फडिन्द्र कार्की लगायतका वक्ताहरूले आफूमाथि भइरहेको विभेद, असमानता, उपेक्षा र उत्पीडनको मुख्य कारण त्रिपक्षीय सन्धि रहेको र त्यसको खारेजी अपरिहार्य रहेको कुरा बताउँदै सबै गोर्खा सैनिकहरू अब आफ्नो हक, हित र अधिकारका लागि लडिरहेको बिगेसोमा संगठित भएर अगाडि बढ्नुपर्ने पनि धारणा व्यक्त गरेका थिए । कार्यक्रममा सयौं सिंगापुर गोर्खा पुलिसहरूको उपस्थिति रहेको थियो ।

# एक–राज्य दुई–व्यवस्थासँग जोडिएको हङकङ समस्या



हङकङमा सुपुर्दगी विधेयकको विरोधबाट सुरु भएको विरोध प्रदर्शन गहिरिंदै गएको छ । यो त अहिले हङकङ प्रमुख कार्यकारी क्यारी लामको राजीनामा माग गर्दै अघि बढिरहेको छ । प्रदर्शन चर्किएपछि कार्यकारी प्रमुख कार्यकारी लामले विधेयक अनिश्चितकालका लागि स्थागित गरेको घोषणा गरेपनि आन्दोलनले उग्ररूप लिन छाडेको छैन । विधेयकका विरुद्धमा उठेको प्रदर्शन अहिले कार्यकारी प्रमुख क्यारी लामको राजीनामासम्म पुगेको छ । क्यारी लामलाई चीन सरकारप्रति बफादार भन्दै उनको तत्काल राजीनामा माग गरिएको छ । यसले हङकङ सरकारलाई त अप्ठ्यारो स्थितिमा पारेको छ नै, बरु चीन सरकारसम्मलाई यसले समस्यामा पुर्‍याको छ । दैनिक लाखौंको संख्यामा सर्वसाधारण प्रदर्शनकारीहरू सडका उत्रनुले राम्रो संकेत भने गरेको छैन । आधुनिक सहरको रूपमा रहेको हङकङको कूल जनसंख्या करिब ७० लाख रहेको छ । प्रदर्शनका क्रममा करीब १० लाखसम्म मानिस सडकमा उत्रनु भनेको ख्यालठट्टा पनि होइन । यो प्रदर्शनलाई सन् १९८९ मा चीन सरकारविरुद्ध भएको तियानमेन चोकको प्रदर्शनसँग जोडेर हेर्न थालिएको छ ।

प्रदर्शनकारी र हङकङ सरकार गम्भीर भिडन्तमा त गएका छैनन्, तर राज्यले निषेध गरेका इलाकाहरूमा प्रदर्शनकारीहरू जान बल गर्दा र प्रहरीले रोक्न खोज्दा ६ दर्जनभन्दा बढी घाइते भएका छन् । यसै क्रममा एकजना प्रदर्शनकारीको मृत्यु भएपछि हङकङ सरकार थप तनावमा छ । आन्दोलन हिंसात्मक स्वरूपलाई मत्थर पार्न प्रमुख कार्यकारी लामले सार्वजनिक रूपमा माफी समेत मागे पनि आन्दोलन मत्थर भएको छैन । यो आन्दोलनले एक राज्य दुई व्यवस्थाको परिकल्पनालाई गम्भीर रूपमा उजागर गरेको छ । हङकङमा चिनियाँ शासनभन्दा सापेक्षतामा खुकुलो रहेको र त्यहाँ चीनमा बस्न र रमाउन नसकेका मानिसहरू आएर बसेको र रमाएको कुरा पनि बारम्बार बाहिर आने गेको छ । भनिन्छ, कतिपय त चीन विरोधीहरू पनि त्यहाँ बसेका छन् । ती चीन विरोधी तथा केही वाक तथा अन्य स्वतन्त्रता चाहने मानिसहरू हङकङ सुपुर्दगी विधेयक देखेर डराएका छन् । चीनले पनि यी चीन विरोधी तथा केही बढी स्वतन्त्रता चाहनेहरूमाथि अंकुश लगाउन चाहेर यसो गरेको वा अन्य कुनै मनसायले, त्यो भने प्रष्ट भएको छैन । तर पश्चिमा देशहरूले भने सुपुर्दगी विधेयक पारित गरिएमा हङकङ चीनमा गाभिने छ र हङकङमाथि चीनको बलियो पकड रहने छ । योभन्दा पनि बढी त पश्चिमाहरूले चीनले हङकङको स्वतन्त्र समाजमाथि पकड जमाएर सामाजिक तथा राजनीकि हस्तक्षेपको गर्ने छ र एक राज्य दुई व्यवस्थाका नीतिको अन्त्य हुने छ भनी प्रचारलाई व्यापकता दिइरहेका छन् । चीनले ताइवान पनि आफ्नो भाग मान्दछ र एक चीन नीतिमा समावेश गरेको छ । चीनको 'एक चीन नीति' स्वीकार गर्ने देशहरूले यसलाई स्वीकार पनि गरेका छन् । हालसम्म चीनको हङकङ अनि ताइवानसँग सुपुर्दगी सम्झौता छैन । माओ त्सेतुङको पालामा नयाँ जनवादी क्रान्ति सम्पन्न हुँदा च्याङकाइ शेक भागेर तात्कालीन फार्मोसा अर्थात् ताइवान पुगी त्यही बसेको थियो । हालसम्म ताइवानलाई अमेरिका र बेलायत लगायत पश्चिमा देशहरूले भिन्न देशकै रूपमा व्यावहार गर्दछन् ।

उता हङकङ भने १९ औं शताब्दीको पूर्वार्द्धमा भएको चीन-बेलायत अफिमयुद्धदेखि बेलायतले ५० वर्ष सम्मका लागि आफ्नो अधीनमा लिएको थियो । सम्झौता अनुसार एक देश दुई व्यवस्थाको अवधारणा निर्माण गरी सन् १९९७ मा बेलायतले हङकङलाई चीनसमक्ष हस्तान्तरण गरेको थियो । अहिलेको सुपुर्दगी सम्झौताको कुरालाई लिएर भइरहेको प्रदर्शनमा यी कुराहरू केही न केही रूपमा प्रकट भएका छन् । अहिले हङकङमा चलिरहेका कानुन र चीनको कानूनका साथै व्यवस्थाका स्वरूप पनि फरकफरक रहेका छन् ।

# अमेरिका–चीन व्यापार युद्ध

## विश्व अर्थव्यवस्थामा संकटको खतरा



**डोनाल्ड ट्रम्प राष्ट्रपति बनेसँगै चीन र अमेरिकाका बीच व्यापारिक मतभेद सुरु भएको थियो । २०१६ मा आफ्नो राष्ट्रपति चुनावको लागि प्रचारको क्रममा ट्रम्पले चीनमाथि बारम्बार चीनको सामान अमेरिकी बजारमा डम्प गर्ने र अमेरिकी बौद्धिक सम्पदा चोरीको आरोप लगाए । ट्रम्प चीनसँग अमेरिकी व्यापार घाटालाई कम गर्न चाहन्छन् । उनको भनाइ छ यस व्यापारघाटाबाट अमेरिकी विनिर्माणमा क्षति पुगिरहेको छ । वितेको एक वर्षमा दुवै देशले एक अर्काको उत्पादनमा अरबौं डलरको कर लगाएका छन् ।**

एजेन्सी । अमेरिकी राष्ट्रपति डानाल्ड ट्रम्पले चीनबाट आयात गरिने उत्पादनमा ३०० अर्ब डलर शुल्क लगाउने घोषणा गरेको छ । यो आयात शुल्क सेप्टेम्बरबाट लागू हुनेछ । अमेरिकाले चीनबाट आयात गरिने उत्पादनमाथि यसभन्दा अगाडि नै २५० अर्ब डलरको आयात शुल्क लगाइसकेको छ । अमेरिका र चीनका बीच चलिरहेको यस व्यापार युद्धका कारण चीनको विकासको दरमा गिरावट आउन थालेको विश्लेषण हुन थालेको छ । आयात शुल्कको दरमा बृद्धि भएपछि चीनको उत्पादित वस्तुको निर्यातमा धैरै कमी आएको छ । यस व्यापार युद्धकै कारण विश्वभरमा मन्दीको खतरा मडारिन लागेको पनि विश्लेषण गर्न थालिएको छ । यी दुई देशको बीचमा चलिरहेको व्यापार युद्धमा ट्रम्पको पछिल्लो घोषणाले अझ बढी कटुता उत्पन्न गराउने देखिन्छ ।

नयाँ आयात शुल्कको प्रभाव सेप्टेम्बरको पहिलो हप्ताबाट सुरु हुनेछ । यसपछि चीनबाट आयातित हुने सबै समानमा कर लाग्नेछ । अर्थात् स्मार्टफोनदेखि कपडासम्मका सबै अमेरिका निर्यात गरिने सामान करको दायरामा पर्नेछ ।

***चीनले गऱ्यो विरोध***

चीनका विदेश मन्त्री वाङ यीले अमेरिकाको यस कदमको आलोचना गरेका छन् । बैंककमा दक्षिण-पूर्व एशियाली देशहरूको मन्त्री स्तरीय बैठकको अवसरमा वाङले भने, 'आयात शुल्क लगाउनु आर्थिक तथा व्यापारिक सम्बन्धमा उत्पन्न खटपटको समाधान गर्ने सकारात्मक तरिका होइन ।'

ट्रम्पले आयात शुल्कको घोषणा आफ्नो ट्व्वीटरमा पनि घोषणा गरेका छन् । यसमा उनले चीनमाथि अरु धेरै अमेरिकी कृषि उत्पादनहरू किन्ने वाचाको सम्मान नगरेको आरोप लगाएका छन् । ट्रम्पले पत्रकारहरूसँग भनेका छन् कि १० प्रतिशत आयात शुल्क एक अल्पकालीन उपाय हो र आगामी दिनमा यो कर बढाएर २५ प्रतिशतसम्म बढाउन सकिन्छ । उनले भने, 'चीनसँग यो धेरै पहिलेदेखि नै लागु गर्नुपर्ने थियो ।'

***अहिलेसम्म देखिएको असर***

यस आयात शुल्कको घोषणासँगै आर्थिक बजारमा गिरावट देखिन थालेको छ । वाल स्टिटको डाउ जोन्स शेयर इन्डेक्समा १.१ प्रतिशतको गिरावटसँगै बन्द भयो भने एशियाली बजारमा शुक्रबार धेरै गिरावट देखियो । तेलको मूल्य धराशायी भयो । ३० लाखभन्दा बढी कम्पनीहरूको प्रतिनिधित्व गर्ने अमेरिकी चेम्बर अफ कमर्सले भन्यो कि चीनमाथि लगाइएको यस नयाँ आयात शुल्कले अमेरिकी व्यापार, किसानहरू, कर्मचारीहरू, ग्राहकहरूमा नराम्रो असर पर्नेछ र साथै यसबाट मजबुत अमेरिकी अर्थव्यवस्था कमजोर हुनेछ । बिहीबार ट्रम्पका पूर्व आर्थिक सल्लाहकार गैरी कोहनले बीबीसीसँगको एक अन्तर्वार्तामा भनेका छन् कि यस लडाइँबाट अमेरिकी म्यान्युफ्याक्चरिङ (विनिर्माण) र पुँजी लगानीमा नराम्रो असर परिरहेको छ । यसको असर अमेरिकाको केन्द्रीय बैंक, द फेडरल रिजर्वको ब्याज दररेटमा गरिएको कटौतीमा पनि पर्नेछ ।

***टाउको दुखाइ***

फेडरल रिजर्वका अध्यक्ष जेरोमी पावेलले भनेका छन् कि अमेरिकी व्यापार नीतिको आलोचना गर्ने काम केन्द्रीय बैंकको होइन, तर साथै यो पनि भने कि मई र जून महिनामा व्यापारिक चिन्ता बढेर गएको छ । ट्रम्पले भने कि उनको व्यापार नीतिले काम गरिरहेको छ र बेइजिङमा यसको असर परिरहेको छ । तर यसबाट चीनमाथि मात्रै प्रभाव परिरहेको छैन । अन्तर्राष्ट्रिय मुद्राकोषले चेतावनी दिएको छ कि अमेरिका-चीन व्यापार युद्ध विश्वको अर्थव्यवस्थाको लागि ठूलो संकट हो । यसबाट पनि प्रष्ट हुन्छ कि व्यापार युद्धले अमेरिकी अर्थव्यवस्थालाई पनि प्रभावित पारिरहेको छ । पछिल्लो हप्ता जारी गरिएको आँकडा अनुसार विगतको वर्षको तुलनामा अमेरिकी अर्थव्यवस्थामा कम वृद्धि भएको छ । आँकडाका अनुसार यस व्यापार युद्धका कारण व्यापार र लगानीमा कमी आएको छ । अमेरिकी कम्पनीहरूले विस्तार र लगानीमा रोक लगाएका छन् । यस विकसित परिस्थितिबाट लगानीकर्ता धेरै तनावमा रहेका छन् र उनीहरूले चिन्ता जनाइरहेका छन् । व्यापार युद्धको प्रभाव जापान र दक्षिण कोरियामा पनि देखिन थालेको छ ।

***कसरी सुरु भयो व्यापार युद्धको सिलसिला ?***

डोनाल्ड ट्रम्प राष्ट्रपति बनेसँगै चीन र अमेरिकाका बीच व्यापारिक मतभेद सुरु भएको थियो । २०१६ मा आफ्नो राष्ट्रपति चुनावको लागि प्रचारको क्रममा ट्रम्पले चीनमाथि बारम्बार चीनको सामान अमेरिकी बजारमा डम्प गर्ने र अमेरिकी बौद्धिक सम्पदा चोरीको आरोप लगाए । ट्रम्प चीनसँग अमेरिकी व्यापार घाटालाई कम गर्न चाहन्छन् । उनको भनाइ छ यस व्यापारघाटाबाट अमेरिकी विनिर्माणमा क्षति पुगिरहेको छ । वितेको एक वर्षमा दुवै देशले एक अर्काको उत्पादनमा अरबौं डलरको कर लगाएका छन् । पटक-पटकको द्विपक्षीय वार्ताका बाबजुद विश्वका दुई ठूला अर्थव्यवस्थाहरू व्यापार युद्ध अन्त्य गर्ने सम्झौतामा पुग्न असफल बनिरहेका छन् । यसबाट विश्वको अर्थव्यवस्थामा पनि संकटको बादल मडारिन थालेको छ ।

# कमरेड पवनसँग बिताएका यादगार क्षणहरू



हिरामणि दुःखी

***पवनले पार्टी र नेतृत्वको आदेशलाई अत्यन्तै जिम्मेवारीबोधका साथ पालना गर्नुहुन्थ्यो । जस्तोसुकै जोखिम मोल्न पनि तयार हुने, जुनसुकै काम पनि पूरा गरेर र त्यसको सकारात्मक परिणाम लिएर मात्रै पार्टी 'एचक्यु'मा फर्कनुहुन्थ्यो***

**विषयको दैलो उघार्दा :**

म कम्प्युटरको स्क्रिनमा व्यस्त थिएँ । मेरो मोवाइलमा सेभ नभएको नम्बरबाट फोन आयो र फोन उठाएँ । फोनमा लालसलामको अभिवादन महिला आवाजमा आयो । मैले अभिवादन फर्काएँ र के कामले अप्रत्यासित रूपमा सम्झिनुभयो भनी प्रश्न गरेँ । किनकि उक्त महिलास्वर मैले चिनिसकेको थिएँ, त्यसैले परिचय नमागिकनै प्रश्न तेर्साएँ । उहाँले एउटा काम गर्न थालेकोले सरलाई सम्झेको भनेर जवाफ दिनुभयो । मैले कामको प्रकृति के होला भन्दै जिज्ञासा राखेँ । उहाँले मैले सहिद कमरेडको बारेमा एउटा कृति प्रकाशन गर्न खोजेको छु भन्दै मलाई ती सहिदसँग सहकार्य गर्दाको अनुभूतिजन्य कुराहरू लेखिदिन आग्रह गर्नुभयो । सहिद कमरेडले जीवित हुँदा लेखेका प्राप्त केही लेखोटहरू र उनका बारेमा सहयोद्धाहरूले लेखेका संस्मरणहरूको संगालो प्रकाशन गर्ने चाहना रहेछ उहाँको । यो त अत्यन्तै सहानीय काम हो भन्दै उहाँलाई धन्यावाद पनि दिएँ र आफूले सकेको सहयोग गर्ने बाचा सहित लेख्ने कुरामा सहमति जनाएँ ।

मलाई आग्रह गर्ने ती महिला हुनुहुन्थ्यो क.भूमिका अर्थात् निर्मला थापा । उहाँ सहिद कमरेड कमल पुन (पवन)की जीवनसंगिनी हुनुहुन्थ्यो । कमलको सहादतको धेरै समयपछि उहाँले दोस्रो जीवनसाथी बनाइसक्नु भएको छ । तथापी दोस्रो विवाहपछि पनि सहिद जीवनसाथीको बारेमा केही गर्ने अभिलासा राख्नु हाम्रो आन्दोलनमा सायद यो पहिलो घटना नै होला । यस कुराले झन् मलाई भावुक पनि बनायो र गौरव पनि । जनयुद्धका क्रममा हामीले धेरै यस्ता योद्धाहरूलाई गुमायौँ कि जो नेपाली क्रान्तिका निम्ति धेरै समय बाँच्नै पर्दथ्यो । त्यस्ता योद्धाहरूसँग क्रान्तिका लागि कुशल फौजी योजना निर्माण गर्नसक्ने क्षमता, दक्षता, नेतृत्वकला, विचारका प्रखर वक्ता तथा जनतासँग अत्यन्तै मिलनसार कलाहरू थिए । युद्धका भीषण मोर्चाहरूमा पनि किञ्चित नडगमगाएर सहयोद्धाहरूलाई अगाडि बढ्न प्रेरित गर्ने क्षमता राख्ने योद्धाहरू पनि हामीले मैदानमा गुमाएर आयौँ । यस्ता धेरै प्रतिभाहरूलाई हामीले रणमैदानमा आफ्ना हातहरूले सदाकालागि चीर निद्राको विस्तरामा सुताएर आयौँ । अहिले ती दिनहरू सम्झँदा पनि शरीर त्यसै त्यसै जिरिङ्ग हुन्छ, काँडा उम्रन्छन् र रगत भक्भकी उम्लन्छ । जे होस् हामी यतिवेला क्रान्तिकै अर्को मोर्चामा छौँ । यो मोर्चा हाम्रा लागि फलामको च्यूरा सावित भइरहेको छ । वर्गसङ्घर्ष कतै गौण भएजस्तो र अन्तरसङ्घर्ष कतै पेचिलो भएर उपस्थित भएजस्तो भइरहेको छ । यो परिवेशभित्र क.भूमिकाले सहिद कमरेड कमल पुनको बारेमा सम्झनाका दुईचार हरफ लेखिदिन आग्रह गरेर कतै खाटा बस्न थालेको क्रान्तिको गहिरो घाउ उप्काइदिने काम त गर्नु भएन भन्ने पनि अनुभूति भयो ।

यसो किन भयो ? म आफै असमञ्जसमा परेको छु । अहिले म उभिएको स्थान क्रान्तिको कुन मोड हो मलाई ठम्याउन निकै गाह्रो भएको छ । अगाडिको बाटो घुमैंलो घुमैंलो देखिन खोज्छ । हाम्रो यात्राको क्याप्टेनलाई निकै सकस परिरहेको छ जस्तो महसुस हुन्छ । कुनै कुनै सहयात्रीहरू कतै लाखापाखा लागेर बास बस्ने मेसो पो गर्दैछन् कि झैँ भान हुन्छ । अग्रजहरूप्रतिको आदर्श र विश्वास धमिलिन खोज्छ । एकछिन् घोरिएर विश्वकम्युनिस्ट आन्दोलनको बारेमा पढ्ने कोसिस गर्छु र देख्छु क्रान्तिका होनहार योद्धाहरू पनि त एउटा कालखण्डमा लाखापाखा लागेर क्रान्तिकै गला रेट्न पछि परेका छैनन्, तर क्रान्तिकारीहरूले अनेकौँ घुम्ति र मोडहरू छिचोल्दै क्रान्तिको बेडा पार त गराएकै छन् । यही आदर्शले गर्दा वलिदानी, त्याग र उत्सर्ग त क्रान्तिको अनिवार्य नियम नै हो भन्न पुग्छु । जीवन उत्सर्ग गर्नेहरू असल मान्छेहरूले नै त हो भनेर सम्झन्छु र चित्त बुझाउँछु । तसर्थ मलाई सहिदहरूलाई सम्झँदा एउटा उत्साह थपिन्छ । आज म यो लेखोटमा तिनै क्रान्तिका जोदाहा एक कलकलाउँदा योद्धालाई सम्झने प्रयत्न गरेको छु ।

**कमरेड कमलसँगका मेरा यात्राहरू :**

०५३को माघ महिना थियो । गते भने मलाई याद भएन । तात्कालिक अखिल नेपाल जनसांस्कृतिक सङ्घ र त्यस मातहतको मिर्मिरे सांस्कृतिक परिवार, दाङको पुनर्गठन गर्नु थियो । त्यो कार्यक्रम देउखुरीको सुनडवरीस्थित खगेश्वर आचार्यको घरमा राखिएको थियो । जनयुद्ध सुरु भएदेखि करिब निष्कृय रहेको सङ्गठन र परिवारलाई ब्यूँझाएर गतिविधि सञ्चालन गर्नु थियो । त्यो भेलाले पुनः मेरै अध्यक्षतामा जनसांस्कृतिक सङ्घ र मिर्मिरे परिवारको पुनर्गठन गरेको थियो । र, त्यस कमिटीमा कमरेड कमल पुन पनि सदस्यको रूपमा रहनुभएको थियो । त्यतिवेलादेखि कमलसँग मेरो एउटै सङ्गठनमा सहकार्य सुरु भएको थियो । उहाँ विद्यार्थी सङ्गठनमा र म तुलसीपुर क्षेत्रको पार्टी एरिया सेक्रेटरीको भूमिकामा थियौँ । जनयुद्धको चढ्दो क्रम, दुश्मनको दमनअभियानले निकै ठूलो बैंस काढ्दै थियो । त्यस्तो वेला खुल्लारूपमा जवसका काम गर्नुपर्ने र भूमिगतरूपमा पार्टीको कार्यभार संहाल्नुपर्ने चुनौती निकै जोखिमपूर्ण थियो । जस्तोसुकै जोखिम मोलेर भएपनि ज.सां.सङ्घको नामबाट जिल्लाव्यापी साहित्यिक गतिविधिमा हामी संलग्न रहन्थ्यौँ भने मिर्मिरेको टोलीमार्फत् सांस्कृतिक गतिविधि सञ्चालन गर्दथ्यौँ ।

कमलले गीतहरूमा संगीत भर्ने र हामी दुबैले गाउने गर्थ्यौँ । उहाँले मादल र गिटार पनि बजाउने गर्नुहुन्थ्यो । मैले जानी नजानी नृत्यको निर्देशन गर्थें । त्यतिवेला मिर्मिरे परिवार फूलटाइमर थिएन । सङ्गठन स्थाई र कलाकार अस्थाई थिए । जिल्लाभरिका प्रतिभाहरूलाई जम्मा पारेर विशेष अभियानहरू चलाउँथ्यौँ र अभियान सकेर विकेन्द्रित गर्थ्यौँ । अहिलेको जस्तो तालिम गर्ने, नाचहरू कम्पोज गर्ने, थुप्रै बाजागाजाहरू बजाउने केही पनि हुँदैनथ्यो । कमल र मैले अलिअलि जानेको कुरा सिकाउँथ्यौँ र दुईतीन जना भाइबैनीहरूलाई नचाउँथ्यौँ । बढीजसो स्टेज गीतहरू, प्रहसन र नाटकहरू हाम्रा प्रस्तुतिहरू हुन्थे । यसरी कमलसँग साहित्यिक सांगीतिक कार्यक्रमहरू चलाएर दाङ जिल्लामा जनयुद्धको विकास गर्न र सङ्गठन विस्तार गर्ने वातावरणमा हामीले सानोतिनो भूमिका निर्वाह गर्ने गरेका थियौँ ।

कमललाई मैले पहिला पनि चिन्दथेँ । जब उहाँ रोल्पाबाट दाङ क्याम्पसमा अध्ययन गर्न आउनुभएको थियो, त्यतिबेला मैले कमरेड पाशाङको भाइको रूपमा चिनेको थिएँ । विद्यार्थी हुँदैखेरि सञ्चारको काम पनि गर्नुहुन्थ्यो । दाङको जिल्ला पार्टीबाट चिठीपत्र र सर्कुलरहरू लिएर मेरो एरियामा आउने र मेरो एरियाबाट पत्रहरू लिएर पार्टी एचक्यूमा जाने हुनाले पनि हाम्रो भेटघाट भई नै रहन्थ्यो । पछि उहाँ पनि खुला रूपमा क्याम्पस जाने वातावरण बन्द भयो । त्यसपछि ०५४ सालको मंसिरदेखि एसिएम बनाएर मैले पश्चिम दाङको एरियामा लिएर गएँ । जतिवेला म पनि भूमिगत भएर एरिया इञ्चार्ज भइसकेको थिएँ । लामो समयसम्म उहाँ मेरै एरियामा मसँग सहकार्य गर्नुभयो । त्यतिवेला पनि ज.सां.सङ्घ र मिर्मिरे परिवारलाई साथै चलायौँ । एरियामा पनि एसिएमहरू र डब्ल्यूटी कार्यकर्ताहरूलाई मिलाएर छुट्टै कलाकार गठन गर्‍यौँ । यसरी हामीले सांस्कृतिक मोर्चा र पार्टी सङ्गठनहरूलाई साथसाथै सञ्चालन गर्ने गर्दथ्यौँ ।

कमरेड पवन अत्यन्तै सोझो, सरल र मिलनसार मिजासको व्यक्ति हुनुहुन्थ्यो । वास्तवमा दाङमा जनयुद्धको विकास गर्नमा युवाहरूको ठूलो भूमिका छ । जनयुद्धको चढ्दो क्रममा दुश्मनको दमन अभियानले छाडा छोडिएको साँढेको रूप लिइसकेको थियो । पहिला पहिला दुश्मनले रोल्पा र रुकुममा दमनलाई तीव्र पारेको थियो । उसले ठानेको थियो कि रोल्पा, रुकुममा माओवादीलाई समाप्त पारेपछि टण्टै खलास हुन्छ । त्यसैले ती क्षेत्रमा किलोशेरा अप्रेशन चलाएको थियो । यता पार्टीले मुख्य क्षेत्रको सुरक्षाका लागि विस्तारको क्षेत्रमा आन्दोलनको गति तीब्र पार्ने योजना ल्याएको थियो । त्यो योजना दाङमा पनि लागू गर्नुपर्ने थियो । विडम्वना के भइदियो भने दाङका पुरानो पुस्ताका अधिकांश नेताहरूको भागदौड मच्चियो । तत्कालीन सेक्रेटरी कमरेड प्रभाकरले माथिबाट दाङमा क्याम्पस पढ्न आएका र दाङकै एक कदका हुर्हुराउँदा युवाहरू (डायमण्ड, विमल, रोहित, माधव घिमिरे, प्रदिप, सुवास, विजय, सागर, विकास, ब्राइन, सरल आदि) र रोल्पा रुकुमबाट उच्चशिक्षा अध्ययन गर्न झरेका जोदाहा युवाहरू (कमल, डिकम, अर्जुन आदि) लाई सङ्गठित गर्नुभयो र लौ अब दाङमा क्रान्ति गर्ने हो भने तिमीहरूकै भर र विश्वास छ भनेर अघि बढाउनु भयो । अन्ततः यही पुस्ताले दाङमा जनयुद्धको विकासमा महत्वपूर्ण भूमिका खेल्यो पनि । यही क्रममा कमरेड कमल पुन(पवन) पनि पढाई छोडेर पूर्णकालिन हुँदै क्रान्तिको लम्बेयात्रामा होमिनुभयो ।

पवनले पार्टी र नेतृत्वको आदेशलाई अत्यन्तै जिम्मेवारीबोधका साथ पालना गर्नुहुन्थ्यो । जस्तोसुकै जोखिम मोल्न पनि तयार हुने, जुनसुकै काम पनि पूरा गरेर र त्यसको सकारात्मक परिणाम लिएर मात्रै पार्टी 'एचक्यु'मा फर्कनुहुन्थ्यो । अध्ययन र लेखनमा पनि निकै चासो दिएर आफूलाई कृयाशील बनाउनुहुन्थ्यो । त्यतिवेला एरियाका नेतृत्वहरू एक्लै हिंडडुल नगर्ने पार्टीको निर्देशन थियो । त्यसैले पवनले मलाई सर म तपाईंसँगै हिंड्ने मिलाउनुहोला भनेर आग्रह गर्नुहुन्थ्यो । उहाँको चाहना के थियो भने मसँग हिंडेपछि वैचारिक स्तरको विकास गर्न सजिलो हुन्छ भन्ने थियो । त्यतिवेला एरिया इञ्चार्जहरूले आ-आफ्ना एरियाहरूमा सैद्धान्तिक वैचारिक पार्टी स्कुल चलाउनेदेखि पार्टी र विभिन्न जवस मोर्चाहरूका शेल र इकाई गठन गर्नेसम्मको कार्य पनि गर्नु पर्दथ्यो । अहिलेको जस्तो 'सासूले बुहारीलाई अह्राउने, बुहारीले कुकुरलाई अह्राउने र कुकुरले पुच्छर डोलाउने' स्थिति हुँदैनथ्यो । सानो भन्दा सानो कामदेखि ठूलठूलो काम सबै नेता कार्यकर्ताले गर्नु पर्दथ्यो ।

त्यतिवेला नेता र कार्यकर्ताबीच व्यवहारिक रूपमा कुनै भेद छुट्टिंदैनथ्यो । छुट्टिन्थ्यो त केवल योजना निर्माण गर्ने, सङ्घर्षको नेतृत्व गर्ने र समग्र योजनासँग कार्यकर्ताहरूको विन्यास गर्ने कलामा मात्र । खानपिन, आचारविचार, व्यवहार, बसउठ, रहनसहन आदिजस्ता कुराहरूमा सबै समान हुन्थे । यसरी एउटा सर्वहारा आदर्श निर्माण गर्ने कुरामा कमरेड पवनले पनि नेतृत्वलाई अत्यन्तै हार्दिकतापूर्वक सहयोग गर्नुहुन्थ्यो । दाङको पूर्वदेखि पश्चिमसम्मका एरियाहरूमा क.पवनसँग सहकार्य गर्दा उहाँलाई अत्यन्तै सहज र सरल व्यक्तिको रूपमा मैले पाएको छु । संगठन बनाउँदा होस् वा कुनै औपचारिक कार्यक्रम चलाउँदा होस् हाम्रा बीचमा धेरै छलफल हुने गर्दथ्यो । उहाँसँग सँधै सुखदरूपमा नै दिनहरू वित्दथे ।

**कमरेड कमल (पवन)लाई मैले चिन्दा :**

पवनलाई मैले चिन्दा उहाँ एक जुझारु विद्यार्थी नेता, जनपृय कलाकार र कुसल युवा नेतृत्वको रूपमा विकास गर्नसक्ने क्षमता भएको कार्यकर्ताको रूपमा बुझ्दथेँ । पवनले वास्तवमा पार्टीले जुन जिम्मा दियो त्यो जिम्मेवारी पूरा गर्न प्रतिबद्धतापूर्वक लाग्नुहुन्थ्यो । त्यसैले उहाँले विद्यार्थीको दाङ जिल्ला अध्यक्ष हुँदै केन्द्रीय सदस्यसम्मको भूमिका सफलतापूर्वक पूरा गर्नुभयो । त्यसैगरी सांस्कृतिक योद्धाको रूपमा पनि उहाँ कृयाशील हुनुहुन्थ्यो । ०५७ पछि तात्कालिन जनसांस्कृतिक सङ्घको दाङ जिल्लाको अध्यक्ष र मिर्मिरे परिवारको संयोजक भएर पनि सांस्कृतिक गतिविधिलाई व्यवस्थित गर्ने अधिकतम प्रयास गर्नुभयो । दाङमा सांस्कृतिक आन्दोलनलाई माथि उठाउनमा पनि उहाँको योगदान कम महत्वको छैन ।

दाङको क्रान्तिकारी विद्यार्थी आन्दोलनलाई माथि उठाउने भूमिका अक्सर गरेर रोल्पा, रुकुम र प्यूठानबाट उच्चशिक्षा अध्ययन गर्न आउनेहरूबाटै हुने गरेको छ । विशेषतः यो प्रकृया जनयुद्धको मध्यकालसम्म रह्यो । त्यसपछि मात्र दाङकै नेतृत्व विकास भएको हो । पवनले पनि रोल्पाबाट दाङमा अध्ययन गर्ने क्रममा दाङको विद्यार्थी आन्दोलनमा जोडिएर महत्वपूर्ण भूमिका निर्वाह गर्नुभयो । र, त्यहीँबाटै जनयुद्धको रापिलो भट्टिमा पूर्णकालिन भएर होमिनुभयो पनि । विभिन्न जवस र मोर्चाहरूको जिम्मेवारी सम्हाल्दै आउनुभएका कमरेड पवनको पछिल्लो क्रममा जिम्मेवारी परिवर्तन भयो र स्वस्थ्य एवम् सञ्चारपोष्टमा जिम्मा पर्‍यो । त्यहीक्रममा जनयुद्धका घाइतेहरूलाई उपचार गराउन भारत जानेक्रममा भारतीय पुलिसले घाइते विरामीहरू सहित उहाँलाई भारत-नेपालको सीमाक्षेत्रबाट गिरफ्तार गरी नेपाल सुपुर्दगी गर्‍यो । नेपालगञ्जमा हिरासतभित्रै कुटीकुटी चरम यातना दिएर उहाँको हत्या गरी गुमनाम पारियो । यसरी रोल्पाबाट दङाली भूमिमा आएर राजनीतिमा सक्रिय रहेका एउटा कुशल र असल नक्षेत्रको सहादत भयो । र, नेपाली त्रान्तिमा अपूरणीय क्षति हुन गयो ।



## कविता

### अन्तिम पत्र



● कृष्ण भक्त महर्जन

हेर मनुवा
जन्मदै, हुर्कदै
ज्यान खाएको छ
विकासे अन्तिम पत्रले
घाम लाग्दा घमाइलो हुन्छ
जुन लाग्दा रमाइलो हुन्छ
अनुप्रिय व्यक्तित्वको
अन्तिम पत्रहरूले

हेर मनुवा
जात पनि उस्तै छ
औकात पनि उस्तै छ
जसै तसै अन्तिम पलमा
सत्यताको पत्र छोडी
असत्यताको बाटो लिइ
घाटमा घाटको पत्रछ
अन्तिम पत्रहरूले

हेर मनुवा
अन्तिम विन्दु भनेको
पाच तत्वमा मिल्ने हो
जन्मिदा रितै
मरिदा रितै
लोभ नगर लालच नगर
आखिर जीवन छोटो छ
अन्तिम पत्रहरूले

हेर मनुवा
विश्वासको पत्र कोरी
अन्तर्घाटमा बदलिएकोछ
कसरी हेरौ ती पत्रहरू
कसरी कोरौ अर्को पत्र
जति लोभ गर
जति लालच गर
मरि सकेपछि
लाने केही छैन
अनि सम्पति के काम
नातागोता के काम
आखिर सबै जाने
एक्लै हो
अन्तिम पत्रहरूले

हेर मनुवा
ठुलाबडा भइ
इज्जत बचाए नि
सानातिना भइ
इजत फाले नि
न कुनै प्रभुले देख्छ
न कुनै प्रभुले हेर्छ
आखिर हुने लापता हो
अन्तिम पत्रहरूले

हेर मनुवा
के गरे हुन्छ
के गरे हुँदैन
सोचविचार आफ्नै
व्यवहार पनि आफ्नै
अकुत सम्पति जोडे पनि
अजम्बर वुटि खाए पनि
आखिर जहाँको तहि
छाड्ने हो
अन्तिम पत्रहरूले

हेर मनुवा
गाउँ छाडेर
शहर भागोस्
शहर छाडेर
गाउँ भागोस्
पानी मुनी गए पनि
न आकाशले छोड्छ
न पातालले छोड्छ
आखिर जाने ठाउँ
उहीं हो
अन्तिम पत्रहरूले

हेर मनुवा
बाहिर बाट हेर्दा
अर्कै रूप
भित्रबाट हेर्दा
सेम रूप
स्त्रीलिंग जस्तो पनि
पुलिंग जस्तो पनि
आखिर जे लिंग नि
गइने हो
अन्तिम पत्रहरूले

हेर मनुवा
गाउँ तिर हेरे
पुलिंग मानिन्छ
शहर तिर हेरे
स्त्रीलिंग मानिन्छ
न गाउँलेमा मिल्छ
न शहरियामा मिल्छ
आखिर जहाँको भए नि
ठाउँ एउटै हो
अन्तिम पत्रहरूले

हेर मनुवा
पदप्रतिस्थाको लागि
जे गर
जनता जनार्दनको लागि
केही नगर
दुःखान्त गर
सुखान्त नगर
मनुवाले मनुवालाई
पेल्ने हो
ठेल्ने हो
आखिर जो कोही स्वर्ग
जाने होइन
अन्तिम पत्रहरूले

हेर मनुवा
पिएम बने पनि
उहीं मनुवा हो
जिएम बने पनि
उहीं मनुवा हो
मोज मस्ती गर
भोजभतेर गर
आखिर जो कोही पाताल
जाने होइन
हेर मनुवा
अन्तिम पत्रहरू.......

## कमाउनिस्ट...

राखेर अमेरिकन डलरको दरमा प्रशिक्षक तथा प्रशिक्षण भत्ता र फि दिएर स्कुलिङ चलाएको विगत हो । कम्युनिस्ट पार्टीको आधारभूतवर्गमा पार्टीलाई कसरी पुऱ्याउने भन्ने चिन्ता त यो पार्टीमा छदै छैन् किनभने मजदूर, कृषि मजदूर, गरीब तथा सुकुम्वासी किसानहरू, निम्न मध्यम किसान र शहरीया गरीबहरूको विचमा पार्टीको विस्तार गर्ने कुरा यो स्कुलद्धारा पुरै निषेध गर्ने काम गरिएको छ । यस्तो मार्क्सवाद विरोधी पार्टीका कमाउनिस्ट कम्युनिस्टहरूको बिचमा पार्टी स्कुल विभागको प्रमुखका लागि गरिएको लुँछाचुँडी के का लागि आफै स्पष्ट हुन्छ ।*singhhukum683@gmail.com*

## पूर्वजनमुक्तिसेना...

माओवादी नेतृत्वको आव्हानमा नेपाली सेनाबाट विद्रोह गरी तत्कालिन 'जनमुक्ति सेना'मा प्रवेश गरेका एक सैनिक जवानलाई १३ वर्षपछि जेल सजाय सुनाइएको हो । गोरखा आरुघाट-९ स्थायी घर भएका शक्ति गुरुङ (विक्रम)लाई सैनिक समरी जनरल अदालतले १० वर्ष जेल सजाय तोकेपछि यो विषयले जनयुद्धकालीन मुद्दालाई गम्भीर बनाएको छ ।

सैनिक अदालतले गुरुङलाई अब भविष्यमा समेत सरकारी सेवामा अयोग्य हुने ठहर गरेको छ । गुरुङ २०६३ साउन ३० गते हतियारसहित विद्रोह गरी तत्कालिन माओवादी जनयुद्धमा होमिएका थिए । यस विषयको माओवादीवृतबाट आलोचना भइरहेको छ । राजनीतिक सहमतिको आधारमा किनारा लगाइनुपर्ने जनयुद्धकालीन मुद्दालाई सेनाले हातमा लिएर कारबाही गर्न थालेपछि यसले गम्भीर स्थितिको सिर्जना गर्ने विश्लेषण गर्न थालिएको छ ।

## २५औं...

तथा जनजातिहरूको अधिकार खोस्न थालेको भन्दै पहिचानसहितको संघीयताको लागि संघर्ष गर्न आव्हान समेत गरिएको छ ।

**यस्तो छ वक्तव्यको पूर्णपाठ :**

*सम्पूर्ण उत्पीडित जाति तथा बर्ग एक होऔ ।*

*२५औ विश्व आदिवासी दिवस आन्दोलनको रूपमा मनाऔं ।*

*पहिचान सहितको संघीयताको लागि संघर्ष गरौं ।*

**हार्दिक अपिल**

*आदरणीय जनसमुदायहरू,*

विश्वको ९० देशमा बस्ने ५००० भन्दा बढी समुदायका करिब ३७ करोड जनसंख्या भएका आदिवासी जनजातिहरूको सामाजिक आर्थिक अवस्था सुधार्न र उनीहरूको राजनीतिक अधिकार प्रवर्द्धन गर्न संयुक्त राष्ट्र संघले अगस्त ९ लाई विश्व आदिवासी दिवस घोषणा गरेको २४ बर्ष पुरा भई २५ बर्षमा लागेको छ । अन्तर्राष्ट्रिय महिलाहरूका लागि मार्च ८, मजदुरहरूका लागि मे १ भएजस्तै संसारका उत्पीडित आदिवासीहरूका लागि अगस्त ९ महान दिवस हो । नेपालको कुल जनसंख्याको ४०% भन्दा बढी भाग आदिवासी जनजातिहरूले ओगटेकोले विश्व आदिवासी दिवसको महत्व नेपालमा झनै बढी छ र नेपालका आदिवासी जनजातिहरूले प्रत्येक वर्ष अगस्त ९ लाई विभिन्न कार्यक्रम सहित अन्तर ाष्ट्रिय पर्बकै रूपमा मनाउदै आइरहेका छन् । तर नेपालको राज्यसत्ता दलाल पुँजीपति र ब्राह्मणवादी तथा उच्च जातीय अहंकारवादी शासकहरूको हातमा भएकोले र उनीहरू आदिवासी जनजाति मैत्री पनि नभएकोले यस दिवसलाई राज्यले वेवास्ता गरेको छ । यो अन्तर्राष्ट्रिय दिवस भएकोले राज्यले मार्च ८ र मे १ लाई जस्तै मान्यता दिएर यस दिवसमा पनि सार्वजनिक विदा हुनुपर्छ भन्ने हाम्रो माग रहेको छ ।

२५औ विश्व आदिवासी दिवसमा प्रवेश गरिरहदा नेपालमा पनि आदिवासी जनजाति केही सचेत भएका छन् । जातीय पहिचान, संघीयता, स्वशासन, समावेशी, समानुपातिक प्रतिनिधित्व, भाषा, धर्म संस्कृतिका लागि आदिवासी जनजाति धेरै ठुलठुला आन्दोलन पनि गरेका छन् । आदिवासी जनजाति र राज्यबीच २० बुँदे र ९ बुँदे सम्झौताहरू भएका छन् । त्यसका साथै लिम्बुवान, ताम्सालिङ, नेवाः, थारु लगायत विभिन्न समुदायसंग पनि राज्यले सम्झौता गरेको छ । राज्यले अन्तर्रास्ट्रिय श्रम संगठन-१६९ र आदिवासी जनजातिहरूको अधिकार सम्बन्धी राष्ट्र संघीय घोषणा-पत्र जस्ता आदिवासी जनजातिहरूका अधिकार सुनिश्चित गर्ने अन्तर्रास्ट्रिय सन्धि/अभिसन्धिहरू पनि पारित गरेको छ । तर आदिवासी जनजातिहरूसंग गरेको सहमति/सम्झौता र आफैले पारित गरेको सन्धि/अभिसन्धिहरूलाई वेवास्ता गर्दै २०७२ असोज ३ गते नेपाली जनताको भावना र चाहना विपरित नितान्त प्रतिगामी संबिधान जारी गऱ्यो । यही प्रतिगामी संबिधानको आधारमा राज्यले विभिन्न जनविरोधी बिधेयक पारित गरेर जनजाति आन्दोलनले प्राप्त गरेका उपलब्धिहरू एकपछि अर्को गर्दै खोस्ने कार्य भएको छ । राज्यद्वारा पछिल्लो चरणमा संसदमा प्रस्तुत गुठी विधेयक काठमाण्डौं उपत्यकामा रहेका नेवार समुदायहरूको सास्कृतिक सभ्यता मास्ने आशयले ल्याएको देखिन्छ । त्यसैगरी सुचना तथा संचार र मानव अधिकार सम्बन्धी संसदमा प्रस्तुत विधेयकहरू पनि जनविरोधी छन् भने लोक सेवा आयोगले जेठ १५ गते गरेको कर्मचारी पदपूर्तिको बिज्ञापन समाबेशी समानुपातिक सिद्धान्तको भावना र मर्म विपरित छ । हामी यस्ता जनविरोधी विधयेक र विज्ञापनको तत्काल खारेजी हुनुपर्छ भन्ने जोडदार माग गर्दछौ । हामी सरकारसँग विकास निर्माण र सडक विस्तारको नाममा जनतालाई उठिबास गराउने काम अबिलम्ब बन्द गरियोस भन्ने पनि जोडदार माग गर्दछौ ।

आदरणीय न्यायप्रेमी जनसमुदायहरू,

नेपालमा यतिबेला राष्ट्रियता राष्ट्र र जनजीविकाप्रति गम्भीर ढंगले घात भएको छ । कालापानी लगायत ७२ ठाउँमा सीमा अतिक्रमण भएको छ । भारतबाट विषादीयुक्त फलफुल, तरकारी आयात गर्नछुट दिई जनताका स्वास्थ्यमा खेलबाड भएको छ । हत्या, हिंसा, बलात्कार, भ्रष्टाचार, तस्करी, घुसखोरी, दण्डहीनता, अनिमियतता र पदीय दुरूपयोग चरम रूपमा बढेको छ । यस्ता अपराधिक कार्यमा सरकारका मन्त्री र उच्च पदस्थहरूकै संरक्षण र संलग्नता रहने हुनाले यस्ता क्रियाकलापले झनै प्रशय पाएको छ. । देशमा बेथिति, बिशंगती र अशान्ति बढेको छ । तर सरकार हत्या, हिंसा, बलात्कार, भ्रष्टाचार, तस्करी, घुसखोरी रोक्न र जनतालाई शान्ति सुरक्षा प्रदान गर्न तथा उनीहरूको जिवनस्तर सुधार्न पूर्ण असफल भएको छ । यस्तो प्रतिगामी, दलाल, सामन्ती र ब्राम्हणवादी सरकारको विरुद्धमा र पहिचान सहितको संघीयताका लागि आन्दोलनको विकल्प छैन । त्यसैले यो बर्षको २५औ विश्व आदिवासी दिवस साउन २४ गते २ बजे देखि भृकुटीमण्डप स्थित राष्ट्रिय सभागृहमा आन्दोलनको रूपमा मनाइन गइरहेको हुँदा उक्त अवसरमा सम्पूर्ण आदिवासी जनजाति तथा आम न्यायप्रेमी जनसमुदायहरूलाई सहभागिताको लागि हार्दिक अपिल गर्दछौं ।

मिति २०७६/०४/१४

*अखिल नेपाल आदिवासी जनजाति महासंघ*

*केन्द्रीय समिति*

## विप्लव...

ढकालसहित सिङ्गै चितवन जिल्ला समिति क्रान्तिकारी माओवादी ध्रुवीकृत भएको क्रान्तिकारी माओवादीका जिल्ला सेक्रेटरी अशोक शर्माले बताए । यसरी ध्रुवीकृत भएका नेता कार्यकर्ताहरूलाई क्रान्तिकारी माओवादीका पीविएम तथा ३ नं. प्रदेशका इन्चार्ज दिनेश शर्माले अबीर लगाएर पार्टीमा स्वागत गरेका थिए । नेता शर्माले यो ध्रवीकरणले नयाँ जनवादी क्रान्तिका लागि विभिन्न समूहमा छरिएर रहेका सच्चा क्रान्तिकारीहरू एकताबद्ध र ध्रुवीकृत बनेर अगाडि बढ्नुपर्ने सन्देश प्रवाह गरेको भन्दै पार्टीमा ध्रुवीकृत भएका कमरेडहरूलाई बधाई समेत ज्ञापन गरे ।

उक्त अवसरमा क्रान्तिकारी माओवादीका केस विकास, जिल्ला सविच अशोक शर्मा लगायतका नेताहरूको समेत उपस्थिति रहेको थियो ।

## प्रधानमन्त्री...

अनुसार सरकारले आफ्नै पार्टी सम्बद्ध १ लाख ७५ हजार ९ सय ९ जना कार्यकर्तालाई औसत १३ दिन रोजगारी दिइएको नाममा राज्य कोषको २ अर्ब ३६ करोड ७९ लाख ६९ हजार रूपैयाँ बाँडेको छ । रोजगारीका नाममा फूलबारीको झार उखेल्न लगाएर राज्यकोषमा ब्रम्हलुट मच्चाएको भन्दै प्रधानमन्त्री रोजगार कार्यक्रमको चौतर्फी रूपमा आलोचना भइरहेको छ । सरकारले तीन अर्ब १० करोड बजेट छुट्याएकोमा स्थानीय तहलाई पठाएको दुई अर्ब ३६ करोड भन्दा बढी वर्षको अन्तिममा हतारहतार बाँडेर खर्च गरिएको छ । बजेट सक्ने मात्र उद्देश्यले किनिएका हेल्मेट लगाएर श्रमिकले झार गोडेका तस्बिरहरू सार्वजनिक भएका थिए । कार्यक्रम बद्नाम र आलोचित भए पनि सरकारले यसलाई निरन्तरता दिने भएको छ । यसका लागि सरकारले थप १३ अर्ब ऋण लिने तयारी गरेको छ । पाँच वर्षमा सक्ने गरी विश्व बैंकसँग १३ अर्ब ऋण लिन लागेको हो ।

सामान्यतया पूर्वाधार निर्माण र उत्पादनमूलक कार्यक्रमका लागि मात्रै वैदेशिक ऋण सहायता लिने सरकारको वैदेशिक ऋण सहायतासम्बन्धी नीति छ । तर, सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमकै लागि ३२ वर्षसम्म ब्याजको ठूलो बोझसहित देशलाई ऋणमा पार्न सरकार लागिरहेको छ । सरकारले वार्षिक ०.७५ प्रतिशत ब्याजदरमा ऋण लिन लागेको अर्थ मन्त्रालयले जनाएको छ । ३२ वर्षभित्र चुक्ता गर्न सरकारले वार्षिक करिब ४५ करोड ७० लाख किस्ता तिर्नुपर्नेछ । यसरी ३२ वर्षमा ऋण चुक्ता गर्दा ब्याजमा मात्र एक अर्ब ४६ करोड खर्च हुनेछ ।

ऋणले पाँच वर्षसम्म प्रत्येक स्थानीय तहबाट कम्तीमा ४० जनालाई ५० दिनको तालिमसहितको रोजगारी र सय दिनको तालिम दिने योजना सरकारको छ । रोजगार कार्यक्रमअन्तर्गतको तालिममा सिकर्मी, डकर्मी र मर्मतसम्भारसम्बन्धी तालिम दिने योजना रहेको मन्त्रालयले जनाएको छ । प्रत्येक स्थानीय तहबाट कम्तीमा ४० जनाका दरले जम्मा ३० हजारभन्दा बढीलाई तालिम र रोजगारी शीर्षकमा सबैभन्दा धेरै खर्च हुनेछ । त्यस्तै, उक्त ऋण रोजगार कार्यक्रमको अनुगमन, मूल्यांकन र गुणस्तर नियन्त्रणका लागि समेत खर्च गरिनेछ ।

## जिल्ला–जिल्लामा...

यता मध्य ब्यूरोको बैठक २६ असारमा सम्पन्न गरियो भने ३ नं. प्रदेशको बैठक ३१ र ३२ गते सम्पन्न भयो । ४ नं. प्रदेशको बैठक साउनको ६ गते पोखरामा सम्पन्न भइसकेको छ । बैठकले केन्द्रको निर्णयलाई सापेक्षिक रूपमा प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गरी योजनाहरू ठोस गरिएको पार्टी पीवीएम तथा ४ नं. प्रदेशका इन्चार्ज अटलले जानकारी दिए । अहिले जिल्लाका बैठकहरू सम्पन्न हुने क्रममा रहेका छन् । र, बैठकमार्फत् जिल्ला जिल्लामा केन्द्रीय समितिका निर्णय कार्यान्वयनका योजनाहरू बनिरहेका छन् ।

पार्टी स्थायी समिति सदस्य तथा पश्चिम ब्यूरो इन्चार्ज राजवीरले दिएको जानकारी अनुसार बाँकेको कोहलपुरमा साउनको ५ र ६ गते पश्चिम व्यूरोको बठक सम्पन्न भयो । सुदूरपश्चि प्रदेशको बैठक कैलालीको धनगढीमा साउनको ८ र ९ गते, कर्णाली प्रदेशको सुर्खेतमा साउन १० गते र ५ नं. प्रदेशको कपिलवस्तुमा साउनको १६ र १७ गते बैठक सम्पन्न भएको छ ।

बैठकले प्रदेश र जिल्ला स्तरमा संगठन र संघर्षसम्बन्धी योजना कार्यान्वयनका लागि १५ दिने अभियान चलाउने, प्रशिक्षणहरू सञ्चालन गर्ने र मंसिरमा तीनवटै प्रदेशमा सूदुरपश्चिमले धनगढीमा, ५ नं. प्रदेशले नेपालगञ्ज र बुटबलमा र कर्णाली प्रदेशले सुर्खेतमा जनप्रदर्शन गर्ने, जनसंगठनहरूका सदस्यता व्यापक रूपमा वितरण गर्ने लगायतका निर्णयहरू गरेको छ । यी प्रदेशहरूमा अहिले जिल्लाका बैठकहरू सम्पन्न हुने क्रममा रहेका छन् ।

जनसंघर्ष, वर्गसंघर्ष र प्रतिरोध संघर्षलाई नयाँ ढंगले संगठित गर्ने निर्णय गरेको क्रान्तिकारी माओवादीले आत्मगत अवस्था र वस्तुगत स्थितिको ठोस विश्लेषण गरी विकेन्द्रित रूपमा संगठन र संघर्षका योजना निर्माणमा जुटेको छ । क्रान्तिकारी माओवादीले क्रान्तिकारी संयुक्त मोर्चाको रूपमा रहेको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, जनवर्गीय संगठन र मोर्चामार्फत् संगठन तथा संघर्षका कार्यक्रमहरूलाई व्यापक बनाउने तयारी गरिहेको छ । त्यसका लागि देशभक्त जनगाणतान्त्रिक मोर्चा, नेपाल, अखिल नेपाल जनजाति महासंघ, क्रान्तिकारी युवा लिग, नेपाल, क्रान्तिकारी पत्रकार महासंघको राष्ट्रिय सम्मेलन सम्पन्न भइसकेका छन् भने अखिल (क्रान्तिकारी), अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघ, अनेमसंघ (क्रान्तिकारी), अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी), नेपाल दलित मुक्ति मोर्चा, नेवाः राष्ट्रिय मुक्ति मोर्चा, मुस्लिम मुक्ति मोर्चा, जनणतान्त्रिक सम्पर्क मञ्चलगायतका जबस मोर्चाका राष्ट्रिय भेलाहरू सम्पन्न भइसकेका छन् । यसरी संयुक्त मोर्चा र जबस-मोर्चाको संगठनलाई सुदृढ बनाई यी संगठनहरूलाई व्यापक जनसञ्जालको रूपमा विकास गरी क्रान्तिकारी माओवादीले संघर्ष उठानको तयारीमा जुटेको छ । नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवादी क्रान्तिमा अगाडि बढ्ने लक्ष्यका साथ त्यसको तयारीमा जुटिरहेको क्रान्तिकारी माओवादी अहिले आशा र उत्साहको केन्द्र बनिरहेको छ । र, छरिएर रहेका क्रान्तिकारीहरूले एकताबद्ध गरी क्रान्तिको प्रक्रियालाई घनिभूत रूपमा अगाडि बढाउने अभियानमा पनि क्रान्तिकारी माओवादीको नेतृत्व जुटिरहेको बुझिएको छ ।

## संगठन...

अध्यक्षतामा २५ सदस्यीय इकाई कमिटि गठन गरिएको छ भने जिल्लाको चैतन्य बहुमुखी क्याम्पसमा रन्जन गौतमको नेतृत्वमा ३५ सदस्यीय क्याम्पस इकाई कमिटि निर्माण गरिएको छ । विद्यालय र क्याम्पसमा भएका विध्यार्थीहरूको भेला तथा संगठन निर्माण कार्यक्रममा संगठनका केन्द्रीय अध्यक्ष हरिकृष्ण गजुरेल, उपाध्यक्ष शिलु न्यौपाने लगायतका विध्यार्थी नेताहरूको उपस्थिति रहेको थियो भने क्रान्तिकारी माओवादीका जिल्ला इन्चार्ज सोमानसिंह तामाङ,, पार्टी केस कान्छाराम तामाङ, देजमो जिल्ला अध्यक्ष जितबहादुर लामा, तामाङ मुक्ति मोर्चाकी केन्द्रीय उपाध्यक्ष मिना तामाङ लगायतका नेताहरूको समेत उपस्थिति रहेको थियो ।

## क्रान्तिकारी...

हस्तान्तरण गरिएको हो । आइतबार क्रान्तिकारी माओवादीका पीवीएम तथा बाँके-बर्दिया इन्चार्ज भूपेन्द्र न्यौपानेको नेतृत्वमा गएको टोलीले सत्यवती गापा ३ नं. वडाका अध्यक्ष रुकबहादुर रानालाई नगद १५ हजार र जिन्सी सामानहरूमा ८ क्वीन्टल चामल, ५ क्वीन्टल नून, ११० किलो आँटा, ३४ वटा १५/१८ को त्रिपाल, २५ केजी आलु, ५ वटा ५०/५० को त्रिपाल, चिउरा १ क्वीन्टल, १० केजी सोयाविन लगायतका राहत सामग्री हस्तान्तरण गरेको छ । उक्त अवसरमा क्रान्तिकारी युवा लिगका महासचिव दिलबहादुर कठायत, अखिल (क्रान्तिकारी)का सचिव तथा ५ नं. प्रदेशका संयोजक महेश श्रेष्ठ, अखिल नेपाल ट्रेड यूनियन महासंघका ५ नं. प्रदेश संयोजक राजु भुजेल, देजमो केस निमकला पुनलगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

त्यसैगरी अखिल (क्रान्तिकार ी)ले अलग्गै संकलन गरेको १५ हजार रूपैयाँ सत्यवती गापा वडा नं. ४ का पीडितहरूलाई वडाका जनप्रतिनिधि डिल्लीराज भट्टराईलाई बुझाइएको छ । यसअघि, पार्टीका पीविएम तथा देजमोका केन्द्रीय उपाध्यक्ष केवी गुरुङको नेतृत्वमा गएको एक टोलीले पनि नगद राहत हस्तान्तरण गरेको थियो । क्रान्तिकारी माओवादी तथा देजमो ५ नं. प्रदेशको तर्फबाट ३० हजार, अखिल (क्रान्तिकारी) ५ नं. प्रदेशको तर्फबाट २० हजार, गुल्मी जिल्ला पार्टी र मोर्चाले २० हजार गरी संकलित ७० हजार रूपैयाँ नेता गुरुङले गत मंगलबार सत्यवती गाउँपालिकाका वडा नं. ३ का अध्यक्ष रुकबहादुर रानामार्फत् पीडितहरूलाई बुझाएका थिए । सो अवसरमा क्रान्तिकारी माओवादीका पिविएम तथा गुल्मी इन्चार्ज धनेश्वर पोखर, गुल्मी जिल्ला सेकरेटरी टिकाराम राना, रूपन्देही जिल्ला सेकरेटरी बिनोद मरासिनी लगायतका नेताहरूको उपस्थिति रहेको थियो । अखिल (क्रान्तिकार ी)ले विध्यालय, कलेज लगायत सर्वसाधारणसँग राहत संकलन गरेको थियो । विध्यार्थी, शिक्षक तथा सर्वसाधारणबाट संकलन गरिएको रकम पहिरो पीडितलाई बुझाइएको विध्यार्थी नेता महेश श्रेष्ठले जानकारी दिए ।





आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं (पुष्प)
९८५१०४३३२८, ९८०८४६१११०६
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेम्पी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
खोटाङ यातायात प्रा.लि.
काठमाडौंबाट- हलेसी, ऐसेलुखर्क, बाक्सीला, भोजपुर, ओखलढुंगा, सोलु जानु परेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क-
कोटेश्वर- ०१४६०१६८० ९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३ - ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९० - ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
रिभर्ज चाहिएमा सम्पर्क
सानोभाई थापा - ९८४४२५२३८५
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८०३९२८४३०
टाटासुमो बोलेरो
काठमाडौं फोन
०१-५१००४९४
९८४११०६९६७
९८४४४०३१५९
यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ ।
सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४००८४००

## आलोपालो

# कमाउनिस्ट कम्युनिस्टहरूको पार्टी स्कुल विभागको प्रमुखमा लुछाचुँडी



❑ हुकुमबहादुर सिंह ❑

कमाउनिस्ट कम्युनिस्टहरू भन्नाले नेपालको वर्तमान सन्दर्भमा सरकारी कम्युनिस्ट पार्टी, जसलाई डब्बल नेकपाका नेता तथा कार्यकर्ता भन्ने बुझिन्छ । यद्यपि नेपालका अन्य कम्युनिस्ट पार्टीहरूभित्र पनि यस्ता कमाउनिस्ट कम्युनिस्टहरूको उपस्थिति पटक्कै छैन भन्ने आधार कमजोर देखिन्छ । डब्बल नेकपाभित्र यस्तो कमाउनिस्टको लालसा माहामारीका रूपमा कसरी र किन बढयो ? उत्तर सरल छ । प्रथम उनीहरू मार्क्सवादी-लेनिनवादी-माओवादी क्रान्तिको मार्गलाई छाडेर सम्पत्तिका लागि कम्युनिस्ट भएका छन् र ती नाममा कम्युनिस्ट सारमा पुँजीपतिपन्थीहरू हुन, संशोधनवादीहरू हुन् ।

डब्बल नेकपाका नेता तथा कार्यकर्ताभित्र पार्टीको नेता बन्न मनग्य पैसा कमाउनु आवश्यक छ, किनभने कम्युनिस्ट पार्टीको नेता बन्नका लागि पनि आफ्नो आर्थिक स्रोत बलियो हुनै पर्छ र जसका लागि कमाउनै परेको छ र उक्त पार्टीबाट संसद बन्न, विभिन्न देशका राजदुतमा नियुक्तिका लागि, देशभित्रका सरकारी संस्था तथा आयोगमा मनोनित हुनका लागि पनि पैसाको आवश्यकता पर्छ, त्यसैले कमाउन आवश्यक छ । डब्बल नेकपामा अहिले पार्टीभित्र घेरै विभागहरू बनेका छन्, तर स्कुल विभागको अध्यक्ष को बन्नेबारे पार्टीभित्रको विवाद सडकमा समेत छताछुल्ल बन्न गएकोछ । किन यसो भयो ? के यो सिद्धान्त र विचारलाई केन्द्रमा राखेर गरिएको मतभेदका कारण भएको हो त ? के यो मार्क्सवादी-लेनिनवादी सिद्धान्त, विचार र कार्यदिशा र कार्यक्रमलाई कसले प्रभावकारी रूपले पार्टी कार्यकर्ताहरू बिचमा स्कुल विभागमार्फत लैजाने भन्ने विवादका कारण भएको हो त ?

यी सब कदापी होइन, किनभने के स्पष्ट भएको छ भने मार्क्सवादी दर्शन, वैज्ञानिक समाजवादी सिद्धान्त, मार्क्सवादी राजनीतिक अर्थशास्त्र र समाजविज्ञानआदिवारे गहन अध्यन, गहन विमर्श र व्यापक बहस भन्ने त प्रचण्ड नेतृत्वको माके ओली नेतृत्वको एमालेमा बिलय हुदाँका दिन ती सबैलाई टुकुचामा उनीहरूले बगाइसकेका हुन । त्यसो भए यो पार्टी स्कुल विभागको प्रमुखमा लुँछाचुंडी किन त ? साथै यो प्रश्न पनि त्यत्ति कै उठेको छ कि के यो विवाद दुई जना-नारायणकाजी श्रेष्ठ र इश्वर पोखरेल बिचमा मात्रै हो त ? हो रूपमा यो दुई जना-नारायणकाजी श्रेष्ठ र इश्वर पोखरेल बिचको लुँछाचुंडी जस्तो देखिन्छ, तर सारमा र केन्द्रमा यो दुई अध्यक्ष बीचको लुँछाचुंडी नै हो भन्ने आधार बलियो छ ।


डब्बल नेकपाले केही समय अघिदेखि मदन भण्डारीको नाममा एउटा अन्तराष्ट्रियस्तरको मार्क्सवादी स्कुल सञ्चालन गर्दै आएको छ । गत वर्ष नेकपा(मसाल)सित मिलेर उसले देशी तथा विदेशी प्रशिक्षक र प्रशिक्षार्थीहरूलाई काभ्रेको धुलिखेलको महंगो होटलमा राखेर अमेरिकन डलरको दरमा प्रशिक्षण भत्ता तथा फि दिएर स्कुलिङ चलाएको थियो । साथै नेपालगञ्ज, पोखराजस्ता ठाउँहरूमा पनि यस्ता स्कुलींग सञ्चालन गरिएका थिए । र प्रशिक्षकमा आफूलाई क्रान्तिकारी मार्क्सवादी भन्ने मोहनविक्रम सिंहदेखि अन्य गैह् क्रान्तिकारी प्रशिक्षकहरू, केही त मार्क्सवाद विरोधी -नेपाली कांग्रेस, राप्रपा तथा अन्य साम्राज्यवादी समर्थक प्रशिक्षकलाई ल्याएर पार्टी स्कुलिङमा प्रशिक्षण दिइएका थिए । त्यसबाट डब्बल नेकपा र मसालका नेता तथा कार्यकर्ताले मनग्य आम्दानी गरेका थिए । र अहिले केही कमाउनिस्ट कम्युनिस्टहरूको पार्टी स्कुल विभागको प्रमुखमा लुँछाचुँडीमा भविश्यमा हुने सम्भावित उक्त मनग्य कमाईमा सबैको आंखा पर्न गएको छ र त्यसैको निरन्तरतामा रमाउन चाहनेहरू अहिले यो लुँछाचुँडीमा सक्रियतापूर्वक लागिरहेको देखिन्छन् ।

हुन त ओली २०२८ सालमा झापामा भारतीय नक्सालवादी नेता चारू मजुम्दारको कार्यदिशाको प्रभावमा आएर नेपालका केही युवाले खासगरी कोशी, मेचीतर्फ सशस्त्र विद्रोहको रूपमा सामन्तलाई मार्ने काम शुरू गरेका नेतामध्येका एक हुन भने प्रचण्ड २०५२ सालदेखि रोल्पाबाट सुरू गरिएको सशस्त्र विद्रोहको नेतृत्व गरेर त्यसलाई नेपालमा दश वर्षसम्म प्रभावकारी रूपले सञ्चालन गरेका अर्का नेता हुन । तर ती दुवैले अहिले आपसमा मिलेर नेपाल कम्युनिस्ट पार्टी(नेकपा) गठन गरेर कम्युनिस्टको नाममा नेपालमा संसदीय व्यवस्थालाई सुदृढ गर्ने नेपाली कांग्रेसले पहिलेदेखि लिएको अभिभारा पुरा गर्ने भन्दै हिंडेका छन् । र यिनैका कारण नेपाली कम्युनिष्ट आन्दोलनमा अहिले दक्षिणपन्थी संशोधनवादी धारा नै इतिहासमै सबैभन्दा बलियो देखिएको छ ।

यस्तो दक्षिणपन्थी संशोधनवादी धाराको प्रतिनिधित्व गर्ने पार्टीभित्र पार्टी स्कुल विभागको प्रमुखमा लुँछाचुँडी हुनु भनेको मूलतः कमाउनिस्ट कम्युनिस्टहरू बिचको आर्थिक फाइदालाई केन्द्रमा राखेर गरिएको झगडा मात्रै हो । र यिनीहरूको दिमागमा आइरहेको चित्र भनेको विगतको धुलिखेल, नेपालगञ्ज, पोखराजस्ता ठाउँहरूका महंगा होटलहरूमा ...बाँकी ४ पेजमा

## क्रान्तिकारी माओवादीका महासचिवको 'संशोधनवाद र पश्चगमन' पुस्तक प्रकाशित

# पूर्व एमाले तथा माकेको सैद्धान्तिक तथा राजनीतिक चिरफार गरिएको एक मात्र पुस्तक




काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'को चर्चित तथा गहन पुस्तक 'हिमाली दर्शन'पछि अर्को पुस्तक 'संशोधनवाद र पश्चगमन' बजारमा आएको छ । पूर्व एमाले तथा माकेको सैद्धान्तिक तथा राजनीतिक चिरफारमा आधारित यो पुस्तकलाई विवेक सिर्जनशील प्रकाशन प्रा.लि.ले बजारमा ल्याएको हो ।

'नेपालमा मार्क्सवाद र संशोधनवादका बीच संघर्षबारे संक्षिप्त अवलोकन' शीर्षकमा प्रस्तावना लेखिएको पुस्तकमा 'माकेको एमालेमा विलय : एक पश्चगामी छलाङ', 'माले समूहद्वारा सिद्धान्त र क्रान्तिप्रति गम्भीर विश्वासघात', एमाले गुटको प्रतिक्रियावादमा पतन : एक सामान्य शल्यक्रिया', 'एमाओवादी नेतृत्वको पश्चगमी यात्रा' र दक्षिणपन्थी नवसंशोधनवादका विरुद्ध विचारधारात्मक संघर्षको महत्व' गरी ६ वटा शीर्षकमा नेपाली कम्युनिस्ट आन्दोलनमा देखापरेको संशोधनवाद, नवसंशोधनवाद तथा दक्षिणपन्थी अवसरवादको सघन रूपमा चिरफार गरिएको छ ।

१६० पृष्ठ लामो पुस्तकको मूल्य रु.२०० सय राखिएको छ । यो पुस्तकमा पूर्व नेकपा माले हुँदै बनेको एमाले तथा पूर्व एनेकपा माओवादी हुँदै बनेको माके र उनीहरूका बीच गरिएको एकीकरणसित जोडिएका विचारधारात्मक तथा राजनीतिक विषयको सैद्धान्तिक आलोचना र विरोध गरिएको छ ।

लेखक मोहन वैद्य'किरण'ले पुस्तकको लेखकीयमा उल्लेख गरेजस्तै 'यस पुस्तकबाट नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासका कतिपय प्रमुख मोडहरू र वर्तमान अवस्थाका बारेमा समेत मार्क्सवाद र संशोधनवादका बीच चल्दै आएको भीषण विचारधारात्मक तथा राजनीतिक संघर्यौको जानकारी प्राप्त गर्न अवश्य नै मद्दत' पुग्नेछ ।

पुस्तकको प्रस्तावनाको निष्कर्षमा लेखिएको छ, "आज नेपाली कम्युनिस्ट आन्दोलन इतिहासको एउटा नयाँ तथा विशिष्ट मोडमा उभिएको छ । यो बेला हामीले एकातिर नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा मार्क्सवाद र संशोधनवादका बीचमा चल्दै आएको विचारधारात्मक तथा राजनीतिक संघर्षलाई राम्रोसित आत्मसात् गरी त्यसबाट आवश्यक शिक्षा लिन जरुरी छ भने अर्कोतिर वर्तमान सन्दर्भमा नेपाली क्रान्तिलाई अगाडि बढाउनका लागि विचारधारात्मक, राजनीतिक तथा सांगठानिक क्षेत्रका काममा नयाँ परिस्थिति र आवश्यकता अनुसार नयाँ ढंगले अझै दृढ संकल्प, साहस तथा प्रतिबद्धताका साथ निरन्तर खटिरहनु आवश्यक छ । नेपाली क्रान्तिको इतिहासले आज सबै सच्चा कम्युनिस्ट क्रान्तिकारीहरूसित पुनःऊर्जाशील तथा एकताबद्ध भएर अगाडि बढ्न जोडदार माग गरेको छ ।

नेपाली कम्युनिस्ट आन्दोलनको इतिहास मार्क्सवाद र संशोधनवादका बीचको भीषण दुई लाइन संघर्षको इतिहास हो । यस संघर्षमा कहिले मार्क्सवाद र कहिले संशोधनवाद बलियो हुने गरेका छन् । आज रूप तथा संख्यामा बलियो देखिने दक्षिणपन्थी संशोधनवाद मात्र संशोधनवाद नभएर वस्तुतः नवप्रतिक्रियावाद नै हो । यद्यपि त्यसले मार्क्सवादी पोशाक र आभूषणमा सजिएर दुनियाँलाई झिलिमिलि देखाई दिग्भ्रमित मार्ने कोशिस गरिरहेको छ, परन्तु त्यो अस्थायी कुरा हो । संशोधनवादले जनताका नजरमा नवप्रतिक्रियावादका रूपमा छर्लङ्गै देखिनु वा नाङ्गिनु अनिवार्य छ । यसै क्रममा भीषण चुनाती र अनेकौं जटिलताहरूको सामना गर्दै मार्क्सवाद महान् सम्भावनाका बीचबाट देश र श्रमिक जनसमुदायको मुक्तिका लागि क्रान्तिको मैदानमा पुनः सशक्त प्रस्तुत हुनु पनि अनिवार्य नै छ । विश्व तथा नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासको द्वन्द्ववादले हामीलाई यही कुरा बताउँछ ।'

नेपाली कम्युनिस्ट आन्दोलन तथा माओवादी आन्दोलनमा हावी हुन पुगेको नवसंशोधनवाद तथा दक्षिणपन्थी अवसरवादको दबदबाका बीच आफ्नो अस्तित्व रक्षा, प्रयोग र विकासको प्रक्रियाबाट अगाडि बढिरहेको क्रान्तिकारी धाराका लागि मोहन वैद्य'किरण'द्वारा लिखित यो पुस्तक सशक्त तथा धारिलो वैचारिक तथा सैद्धान्तिक हतियार हो । नेपाली कम्युनिस्ट आन्दोलन तथा माओवादी आन्दोलनमा संशोधनवादले कसरी टाउको उठाउन पुग्यो र त्ससँगको भीषण संघर्षका बीच मार्क्सवादले आफ्नो श्रेष्ठता कसरी प्रदर्शन गर्दै गयो भन्ने कुरा सूक्ष्म रूपमा विश्लेषण गरिएको यो पुस्तक विभिन्न कम्युनिस्ट पार्टीका राजनीतिक नेता कार्यकर्ताहरूको साथै नेपालको कम्युनिस्ट आन्दोलनलाई बुझ्न चाहने सबै पाठकहरूका लागि अत्यन्तै उपयोगी रहेको छ ।

# मंसिर १४ मा स्थानीय तहको उपनिर्वाचन




काठमाडौं । सरकारले स्थानीय तहका रिक्त स्थानमा मसिंर १४ मा निर्वाचन गराउने भएको छ । निर्वाचन आयोगले उक्त मितिमा निर्वाचन गराउन उपयुक्त हुने सिफारिस सरकारलाई गरेको थियो ।

आयोगले गत बिहीबार संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुसँगको परामर्शपछि सरकारलाई आफ्नो परामर्शसहितको मंसिर १४ गते निर्वाचन गर्न सिफारिस गरेको थियो । त्यही सिफारिसको आधारमा सरकारले निर्वाचनको मिति घोषणा गरेको छ । स्थानीय तहको उपनिर्वाचन सरकारले घोषणा गर्ने र प्रतिनिधिसभा र प्रदेशसभाको उपनिर्वाचन निर्वाचन आयोगले नै तोक्ने व्यवथा रहेको छ ।

मुलुकभर तीनवटै तहमा कुल ५० स्थानमा जनप्रतिनिधहरु रिक्त छन् । प्रतिनिधिसभा सदस्य-१, प्रदेशसभा सदस्य-३, नगरपालिका प्रमुख- १, गाउँपालिका अध्यक्ष-३, गाउँपालिका उपाध्यक्ष-१ र वडाध्यक्ष-४१ पदहरु रिक्त छन् ।

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन दुई वर्ष अगाडिमा मसिंरमै भएको थियो। स्थानीय तह निर्वाचन भने त्यो भन्दा अगाडि बैशाखदेखि असोजसम्म तीन चरणमा सम्पन्न भएको थियो ।

## आठ जना भारतीयको नेपाली नागरिकता खारेज



काठमाडौं । सरकारले नेपाली नागरिकता लिएका ८ जना भारतीयको नागरिकता खारेज गरेको छ । एउटै परिवारका ३ जनासहित जम्मा ८ जनाको नागिरकता खारेज गरेको छ । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णय आइबार सार्वजनिक गर्दै सूचना तथा सञ्चार प्रविधिमन्त्री गोकुल बाँस्कोटाले ८ जना नागरिकको नागरिकता खारेज गरिएको बताए । अशोक साह, विन्दे महतो, दानादेवी महतो (विन्दे महतोको पत्नी, बैवाहिक अंगीकृत), सोसील महतो (दानादेवीकी बुहारी), राजेन्द्र महतो, राजेश्वर महतो, रामकिशोर महतो र राजकुमार महतोले लिएको नागरिकता रद्ध गरिएको छ।

'झुटो विवरण पेश गरी नेपाली नागरिकता प्राप्त गरेका आठ जनाको नेपाली नागरिकताको प्रमाणपत्र रद्ध गरी निजलाई नेपाली नागरिकबाट हटाउने निर्णय गरिएको छ', निर्णयमा भनिएको छ ।




प्रकाशक : वर्गदृष्टि मिडिया प्रा.लि., प्रबन्ध निर्देशक : बद्री बजगाईं, सम्पादक : इन्द्रबहादुर राउत, फोटोः जय दाहाल, कार्यालय : कुपण्डोल, ललितपुर, सम्पर्क नं. : ९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।